नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०७७

# आधारभूत शिक्षा पाठ्यक्रम, २०७७

## (कक्षा ६-८)

# अनिवार्य विषयहरु

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# आधारभूत शिक्षा पाठ्यक्रम, २०७७

(कक्षा ६–८)

## अनिवार्य विषयहरु

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

(नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।१०।१५ को निर्णयअनुसार स्वीकृत)

© पाठ्यक्रम विकास केन्द्र

**प्रथम संस्करण :** वि.सं. २०७९

# प्राक्कथन

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य निरन्तर भइरहेको छ। यसै सन्दर्भमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भबिच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी विद्यालय शिक्षा कक्षा ६-८ का लागि २०६९ मा विकास गरी लागु गरिएको पाठ्यक्रममा समसामयिक परिमार्जन गर्नु आवश्यक देखिएकाले आधारभूत शिक्षाअन्तर्गत कक्षा ६-८ को यो पाठ्यक्रम विकास गरिएको हो। विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने, सामाजिक न्याय प्रवर्धन गर्ने र राष्ट्र निर्माणका लागि सक्षम तथा प्रतिस्पर्धी नागरिक विकास गर्ने लक्ष्यसहित राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई आधारभूत शिक्षा कक्षा ६-८ को यो पाठ्यक्रम विकास गरिएको छ।

राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय अभ्यास र नेपालको अनुभव, नेपालको सिकाइ सहजीकरणको अभ्यास, शिक्षकको उपलब्धता र पेसागत विकासलगायतका सन्दर्भको विश्लेषण गरी आधारभूत शिक्षा कक्षा ६-८ मा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला विषयका पाठ्यक्रम तयार गरिएको छ। कक्षा ६-८ मा समावेश गरिएको मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम छनोट तथा विकास गरी कार्यान्वयन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने छ। शिक्षक, विशेषज्ञ तथा विज्ञहरूको सहभागितामा सञ्चालन गरिएका विभिन्न कार्यशालाका माध्यमबाट विकास गरिएको मस्यौदामा विभिन्न विषय समितिबाट प्राप्त सुझावहरूलाई समेत आधार मानी परीक्षणसमेतका आधारमा यो पाठ्यक्रम तयार गरिएको हो। यसमा पाठ्यक्रम परिमार्जनको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया, शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचनालगायतका पक्ष समावेश गरिएको छ। यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट र पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन तथा सुधारको प्रक्रियालगायतका पक्ष समावेश गरिएको छ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ। यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ। विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यो केन्द्रले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ।

वि.सं. २०७९

पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क.सं. | विषयसूची | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | पाठ्यक्रमको परिचय तथा संरचना | १ |
| २. | नेपाली | १५ |
| ३. | English | ६९ |
| ४. | गणित | ९३ |
| ५. | विज्ञान तथा प्रविधि | १४३ |
| ६. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २५९ |
| ७. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३४९ |

## खण्ड (क)

# पाठ्यक्रमको परिचय तथा संरचना

### १. परिचय

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ ।

यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तुलगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्त्वहरू समावेश गरिएको छ । यसमा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको छ । त्यसै गरी यसमा पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयिक सुधार तथा परिमार्जनका लागि मार्गनिर्देश गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारलाई विचार गरी आधारभूत तहअन्तर्गत कक्षा ६-८ को यो पाठ्यक्रम तयार गरिएको छ । यो पाठ्यक्रम शैक्षिक वर्ष २०७७ मा कक्षा ६ मा परीक्षण गरी परीक्षणबाट पृष्ठपोषणका आधारमा आवश्यक परिमार्जनसहित शैक्षिक वर्ष २०७८ देखि देशभर कार्यान्वयन गर्ने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले मिति २०७७।०।१५ मा पाठ्यक्रम स्वीकृत गरेको हो । आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम, २०७६ को यस दस्तावेजमा पाठ्यक्रम परिमार्जनको सन्दर्भ तथा औचित्य, पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया, पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू उल्लेख गरिएको छ । त्यसै गरी यस पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा ६-८) समावेश गरिएको छ । यसमा सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया पनि समावेश गरिएको छ ।

## २. पाठ्यक्रम परिमार्जनको सन्दर्भ र औचित्य

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । अध्ययन अनुसन्धानका नतिजाहरू, विद्यार्थी, शिक्षक तथा अभिभावकहरू, विभिन्न सङ्घसंस्था र पेसासँग आबद्ध सङ्घ सङ्गठन, राजनीतिकर्मी, सूचना तथा सञ्चार माध्यम र नागरिक समाजबाट पाठ्यक्रमलाई सान्दर्भिक बनाउन सकारात्मक सल्लाह तथा सुझाव प्राप्त हुँदै आएका छन् । त्यसै गरी ज्ञानको विस्तार तथा सिर्जना, प्रविधिमा आएको परिवर्तन, राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन, विद्यार्थीहरूमा विकसित हुनुपर्ने सिपहरूलगायत आजको प्रतिस्पर्धात्मक विश्वको आवश्यकतालाई विचार गरेर पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नु आवश्यक छ । यही आवश्यकतालाई दृष्टिगत गरी विद्यालय तहका लागि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले सिकाइलाई जीवनोपयोगी र समयसापेक्ष बनाउन पाठ्यक्रम परिमार्जनको आवश्यकता औँल्याएको सन्दर्भमा आधारभूत तहअन्तर्गत कक्षा ६-८ का लागि यो पाठ्यक्रम तयार गरिएको छ । नेपालमा विद्यालय तहको पाठ्यक्रम परिमार्जन यसरूपमा गर्नुका औचित्य निम्नअनुसार छन् :

(क) लामो समयदेखि सामान्य अद्यावधिक गर्नेबाहेक पाठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरूपलगायत शिक्षाका उद्देश्यसमेतलाई पुनरवलोकन गरी पाठ्यक्रम परिमार्जन नभएको सन्दर्भमा सामयिक विषयवस्तु समावेश गर्न

(ख) नेपालको लोकतान्त्रिक सङ्घीय गणतन्त्रले लक्षित गरेको विकास, समता, स्वतन्त्रता र स्वाभिमानको अभिवृद्धिमा सहयोग पुऱ्याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न

(ग) ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरूसापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलनसहित स्थानीय आवश्यकताको सम्बोधन गर्न

(घ) व्यवहारकुशल सिपहरूलाई सिकाइ प्रक्रियामा एकीकृत गरी पाठ्यक्रममा ती सिपहरूसँग सम्बन्धित सक्षमताहरू उल्लेख गरी सिकाइलाई जीवनसापेक्ष बनाउन

(ङ) सिकाइका नवीनतम सिद्धान्त, विधि तथा प्रक्रियाहरू प्रयोग गरी सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न

(च) विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ सुनिश्चित हुने गरी सिकाइस्तर वृद्धिका लागि सहयोग पुऱ्याउन

## ३. पाठ्यक्रम विकास तथा परिमार्जन प्रक्रिया

विभिन्न अध्ययन अनुसन्धानहरूका सम्बद्ध सुझाव, ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषणसमेतका आधारमा यस पाठ्यक्रमको विकास प्रारम्भ गरिएको थियो । यस क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात् गरिएको छ । आधारभूत तह (कक्षा ६-८) को यो पाठ्यक्रम विकासमा निम्नलिखित प्रक्रिया अवलम्बन गरिएको थियो :

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय तहको पाठ्यक्रम परिमार्जनको आवश्यकता देखाएको सन्दर्भमा उक्त प्रारूपले प्रस्तुत गरेको पाठ्यक्रमको संरचना तथा आधारभूत सिद्धान्तमा आधारित भई पाठ्यक्रम विकास गरिएको हो ।

(ख) पाठ्यक्रम विकास केन्द्रका सम्बन्धित विषय समिति तथा विषयगत शाखाहरूले प्राप्त सुझाव तथा आफ्नो अध्ययन तथा अनुभवमा आधारित भई पाठ्यक्रम सुधारका लागि पहिचान गरेका पक्ष तथा क्षेत्रहरूलाई समेत आधार मानिएको थियो ।

(ग) स्थलगत अध्ययन, शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूबाट प्राप्त र अन्य विभिन्न माध्यमबाट पाठ्यक्रम विकास केन्द्रलाई प्राप्त भएका रायसुझावलाई समेत विश्लेषण गरिएको थियो ।

(घ) सम्बन्धित विषय समिति, शिक्षक तथा विशेषज्ञहरूको संलग्नतामा विभिन्न विषयक्षेत्रमा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मसौदा तयार गरिएको थियो ।

(ङ) तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको प्रारम्भिक मस्यौदालाई शिक्षक, विषय विज्ञ तथा विभिन्न विज्ञहरू सम्मिलित कार्यशालामा प्रस्तुत गरी नेपाल तथा केही अन्य मुलुकको अभ्यासको समीक्षा र समाजका अपेक्षा तथा विद्यार्थीका आवश्यकताहरूको विश्लेषणसमेतका आधारमा तहगत सक्षमता र विषयगत सिकाइ उपलब्धिमा आवश्यक परिमार्जनसहित तहगत सक्षमता तथा विषयगत सिकाइका क्षेत्र र सिकाइ उपलब्धिको परिमार्जित मस्यौदा तयार गरिएको थियो ।

(च) शिक्षक, विषयविज्ञ तथा विशेषज्ञहरूको कार्यशालाले विषयगत सक्षमता, सिकाइ उपलब्धि तथा विषयवस्तुको मस्यौदा तयार गरेको थियो ।

(छ) पाठ्यक्रमको विषयगत मस्यौदा शिक्षक कार्यशालाबाट प्राप्त सुझावलाई समेत समावेश गरी विषय समितिहरूका छुट्टाछुट्टै बैठकबाट अन्तिम रूप दिइएको थियो ।

(ज) विषय समितिले सिफारिस गरेको पाठ्यक्रमको मस्यौदालाई क्षेत्र र क्रमलगायतका पक्षहरू पुनरवलोकन गरी समन्वय तथा सम्पादन समितिले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गर्न गरेको सिफारिसका आधारमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृतिका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्मा पेस गरेको थियो ।

(झ) यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णयअनुसार परीक्षणका लागि स्वीकृत भई शैक्षिक सत्र २०७७ मा कक्षा ६ मा परीक्षण गरिएको थियो ।

(ञ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा आधारलाई विचार गरेर परीक्षणका क्रममा प्राप्त पृष्ठपोषणसमेतका आधारमा शिक्षक तथा विज्ञहरूको कार्यशाला आयोजना गरी परीक्षणका लागि तयार गरिएको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी परिमार्जित पाठ्यक्रम शैक्षिक सत्र २०७८ बाट नेपालभर कार्यान्वयन गरिएको छ ।

## ४. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ। पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूसमेत एकीकृत गरिएको छ। यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ। यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ। पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा ६-८ का तहगत तथा विषयगत सक्षमताहरू पहिचान गरिएको छ।

## ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ६. विद्यालय शिक्षाको तहगत संरचना

आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ। विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ। सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ७. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ७.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

**तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्ने छ ।)

### ७.२ आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना**

| क्र. सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | आफ्नो सेरोफेरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति (सामाजिक अध्ययन, तथा सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप) | ८ | २५६ |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ। गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहसँग पनि सम्बन्धित गराउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ। यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ। त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

## ७.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ। गणितअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ। विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ। सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ। स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ।

२. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन्। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ।

३. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ६-८) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ। यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ। मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ।

४. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदरसा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ७.४ आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

**तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | | | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/ गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/ मदरसा शिक्षा | | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा वेद | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | संस्कृत व्याकरण वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

*द्रष्टव्य* : (१) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषा, स्थानीय ज्ञान, सिप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ ।

(२) सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

## ८. आधारभूत शिक्षा (कक्षा १ – ८) का सक्षमताहरू

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन

२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग

७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग

८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) को विकास

९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग

१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार

१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ९. आधारभूत शिक्षा (कक्षा ६–८) सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६–८) का सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास

२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान

३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग

४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग

५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्तिको विकास र प्रयोग

६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग

७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनम सहयोग

९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास

१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) विकास

११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको प्रयोग

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक तथा भौगोलिक परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार

१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्नका रूपमा आन्तरिक मूल्याङ्कन अवलम्बन गरिएको छ। सिकाइ सहजीकरणका क्रममा गरिने निरन्तर मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्ने छ। आन्तरिक मूल्याङ्कनका साथै बाह्य मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको समष्टिगत सिकाइस्तर निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ।

(क) **आन्तरिक मूल्याङ्कन :** आन्तरिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ स्तरमा सुधार गर्नु हो। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ। विद्यालय तहको आन्तरिक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ। यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ। विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ। निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ। आन्तरिक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुने छन्। अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुने छन्।

| क्र.सं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

**(ख) बाह्य मूल्याङ्कन :** आधारभूत तह (कक्षा ६–८) मा निम्नानुसार बाह्य मूल्याङ्कन गर्नुपर्ने छ :

पाठ्यक्रम विकास केन्द्रले विकास गरेको ५० प्रतिशत भारको विशिष्टीकरण तालिकाअनुसार लिखित परीक्षा सञ्चालन गरी उपलब्धिको अभिलेखीकरण गर्नुपर्ने छ ।

द्रष्टव्य :

(अ) आन्तरिक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित ५० प्रतिशत भार तथा बाह्य परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी विद्यार्थीले हासिल गरेको उपलब्धिको प्रमाणीकरण गर्नुपर्ने छ ।

(आ) प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलापको विस्तृत विवरण विषयगत पाठ्यक्रममा दिइएको छ । एक शैक्षिक वर्षमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ र वार्षिक मूल्याङ्कनमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षाको नतिजाका आधारमा प्रत्येक त्रैमासिक परीक्षाको ५-५ अङ्कभार समावेश गर्नुपर्ने छ ।

(इ) परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

## ११. शिक्षाको माध्यम

आधारभूत तह (कक्षा ६–८) मा शिक्षणको माध्यम भाषा सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषा हुने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुने छ :

(क) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने छ ।

(ख) गणित र विज्ञान तथा प्रविधि विषयको पठनपाठनको माध्यम भाषा अङ्ग्रेजी पनि हुनसक्ने छ ।

(घ) गैरनेपाली नागरिकले नेपालका विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने र अन्य विषयको हकमा विषय अङ्ग्रेजी वा रोजेको माध्यममा पठनपाठन गर्ने व्यवस्था मिलाउन सकिने छ ।

## १२. पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :

(क) विद्यार्थीको उपलब्धि स्तर

(ख) शिक्षकको कार्य सम्पादन स्तर

(ग) पठन पाठनमा उपयोग गरिएको समय

(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया

(च) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ। यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभाव समेतलाई हेरिने छ।

## १३. पाठ्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा मार्गदर्शनमा आधारित भई विकास गरिएको पाठ्यक्रम निम्नअनुसार परीक्षण तथा कार्यान्वयन हुनेछ :

**पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना**

| कक्षा | शैक्षिक वर्ष २०७६ | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० |
|---|---|---|---|---|---|
| १ | परीक्षण | कार्यान्वयन | | | |
| २ | | परीक्षण | कार्यान्वयन | | |
| ३ | | परीक्षण | कार्यान्वयन | | |
| ४ | | | परीक्षण | कार्यान्वयन | |
| ५ | | | | परीक्षण | कार्यान्वयन |
| ६ | | परीक्षण | कार्यान्वयन | | |
| ७ | | | परीक्षण | कार्यान्वयन | |
| ८ | | | | | कार्यान्वयन |
| ९ | | | परीक्षण | कार्यान्वयन | |
| १० | | | | | कार्यान्वयन |
| ११ | | कार्यान्वयन | | | |
| १२ | | | कार्यान्वयन | | |

यो पेज जानीजानी खाली छोडिएको छ ।

# खण्ड (ख)

# नेपाली

## १. परिचय

नेपाली भाषा विद्यालय तहको शिक्षणको माध्यम, सरकारी कामकाज र नेपाली समाजको साझा सम्पर्कको भाषा हो। यस दृष्टिले नेपाली भाषाको प्रयोगमा व्यापकता रहेको छ। प्रारम्भिक कक्षादेखि अनिवार्य विषयका रूपमा पठनपाठन हुने नेपाली विषयका विषयवस्तु भाषिक सिप, प्रकार्य र अभिव्यक्तिमा आधारित छन्। प्रकार्य र अभिव्यक्तिमा आधारित भई परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता तथा भाषिक सिपका कार्यमूलक प्रयोगलाई समेत समेटी यो पाठ्यक्रम निर्माण गरिएको छ। यसमा बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगत सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ।

यो पाठ्यक्रम विकास गर्दा दैनिक जीवनमा भाषा प्रयोगलाई सजिलो पार्ने र माथिल्लो तहको शिक्षा आर्जन गर्न आवश्यक पर्ने भाषिक क्षमता विकास गर्ने पक्षलाई जोड दिइएको छ। यसमा भाषिक सिप एवम् सक्षमता विकासका लागि मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ। यसका साथै पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ। सिकाइ उपलब्धिलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका आधारमा विस्तृतीकरण गरी भाषिक सिपगत पाठ्यभार, सिकाइ सजीकरणका सम्भावित कार्यकलाप र विद्यार्थी मूल्याङ्कनका प्रक्रिया निर्देश गर्दै व्यवहारकुशल सिपलाई समेत समायोजन गरिएको छ।

नेपाली विषयको मुख्य प्रयोजन भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु हो। सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ। पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ। यसले भाषिक सिपको विकास, भाषाको शुद्ध प्रयोग र स्तरीय अभिव्यक्ति शिल्प र व्यवहारकुशल सिप विकासमा जोड दिएको छ। यस विषयको पाठ्यक्रम विकास गर्दा सम्बद्ध सरोकारवाला, विषयविज्ञ, अभिभावक र विद्यार्थीका रायसुझावलाई आत्मसात् गरिएको छ। विषयवस्तुको समायोजन गर्दा नेपाली भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई ध्यान दिई पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाइएको छ। यस पाठ्यक्रममा ५० प्रतिशत भाषिक सिपगत आन्तरिक मूल्याङ्कन र ५० प्रतिशत भाषिक सिपगत बाह्य मूल्याङ्कन हुने गरी विषयवस्तुलाई व्यवस्थित गरिएको छ। यसबाट विद्यार्थीमा सञ्चार र अभिव्यक्तिका क्रममा भाषाको शुद्ध प्रयोग गर्ने सिप, बोध एवम् सिर्जनात्मक क्षमताको विकास हुने अपेक्षा गरिएको छ।

## २. तहगत सक्षमता

आधारभूत तह (६-८) को अध्ययनपश्चात् विद्यार्थीमा नेपाली भाषाका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. शब्दको अक्षर संरचना पहिचान र शुद्ध उच्चारण
२. सांस्कृतिक तथा सामाजिक विशेषताअनुरूप शिष्ट भाषाको प्रयोग र अभिव्यक्ति
३. सूचनामूलक सामग्री तथा विषयवस्तुका आधारमा स्वाभाविक प्रतिक्रिया
४. सञ्चार सिप र भाषिक सिकाइका लागि विविध ढाँचा र शैलीको प्रयोग
५. भाषिक अभिव्यक्तिका क्रममा विश्लेषणात्मक प्रतिक्रियासहितको विचार प्रस्तुति
६. खोज र सिकाइबिचको सम्बन्ध स्थापना गरी विषयवस्तु विश्लेषण र मूल्याङ्कन
७. रचनात्मक सिकाइ तथा प्रत्यक्ष सम्पर्कबाट विचार निर्माण र भाषिक समस्या समाधान
८. उद्देश्य र आशय बोधका लागि सामग्री पठन र प्रकार्यगत भाषाको प्रयोग
९. भाषिक कार्य सम्पादनमा सिर्जनात्मक र समालोचनात्मक चिन्तन सिपको उपयोग
१०. प्रयोजन र परिवेशअनुसारको भाषिक प्रयोग

## ३. (क) कक्षागत सिकाइ उपलब्धि (कक्षा ६)

### सुनाइ र बोलाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. अरूले भनेका, देखेका, सुनेका वा अनुभव गरेका विषयमा कुराकानी, छलफल र प्रश्नोत्तर गर्न | १.१ अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न<br>१.२ अरूले भनेका कुरामा प्रतिक्रिया जनाउन<br>१.३ देखेका, सुनेका वा अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.४ विषयवस्तुमा आधारित भई कुराकानी तथा छलफल गर्न<br>१.५ विषयवस्तु सुनेका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ शिष्टाचारका शब्द प्रयोग गरी मौखिक अभिव्यक्ति दिन<br>२.२ सन्दर्भ र परिवेशअनुरूप आफ्नो विचार प्रस्तुत गर्न<br>२.३ सन्दर्भ र परिवेश ख्याल गरी दोहोरो सञ्चार गर्न |
| ३. पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न | ३.१ कुनै पनि विषयवस्तु वा घटनालाई रुचिपूर्वक सुन्न<br>३.२ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| | ३.३ पाठगत विषयवस्तुमा आधारित भई छलफल तथा अन्तरक्रिया गर्न<br>३.४ विषयवस्तु, घटना र पात्रको पहिचान गर्न<br>३.५ विषयवस्तु वा घटनामा संलग्न पात्रहरूको चरित्र वर्णन गर्न<br>३.६ विषयवस्तुमा आधारित भई मौखिक प्रश्न निर्माण गर्न |
| ४. सञ्चारका विभिन्न माध्यमबाट विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ४.१ सञ्चारका विभिन्न माध्यमबाट प्रस्तुत विचारहरू ध्यानपूर्वक सुन्न<br>४.२ सञ्चार माध्यमबाट प्रस्तुत विषयवस्तुमा आधारित भई प्रतिक्रिया जनाउन<br>४.३ सञ्चारका विभिन्न साधनहरूको प्रयोग गरी विचार प्रस्तुत गर्न |
| ५. विषयवस्तु सुनी त्यसको शैली, सन्देश र सार बताउन | ५.१ विभिन्न विषयका बारेमा गरिने व्याख्या ध्यानपूर्वक सुन्न<br>५.२ विषयवस्तु व्याख्याको शैली अनुकरण गरी विचार व्यक्त गर्न<br>५.३ विषयमा आधारित भई संवेगात्मक प्रतिक्रिया दिन<br>५.४ विभिन्न विषयवस्तु र घटनाको सन्देश ग्रहण गर्न<br>५.५ विषयवस्तु र घटनाको सार प्रस्तुत गर्न |
| ६. सामाजिक, सांस्कृतिक परिवेशको जानकारी लिनदिन र सान्दर्भिक प्रतिक्रिया जनाउन | ६.१ समाजमा प्रचलित भाषा, संस्कृति र रीतिरिवाजबारे बताउन<br>६.२ सामाजिक सांस्कृतिक विषय र परिवेश पहिचान गरी वर्णन गर्न<br>६.३ विषयवस्तु र परिवेशअनुरूप सान्दर्भिक प्रतिक्रिया जनाउन |
| ७. कल्पना वा यथार्थमा आधारित भई व्यक्ति र विषयवस्तुको वर्णन गर्न | ७.१ कुनै विषय वा घटना सुनेर वर्णन गर्न<br>७.२ कल्पना वा यथार्थमा आधारित भई विषयवस्तु वा घटनाको विस्तार गर्न<br>७.३ परिचित व्यक्तिहरूको परिचय र योगदान बताउन<br>७.४ व्यक्तिवृत्त प्रस्तुत गर्न |

पढाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई पढ्न | १.१ पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गरी पढ्न |
| २ सस्वरपठन र मौनपठन गरी भावबोध गर्न | २.१ समयको ख्याल गरी सस्वरपठन गर्न<br>२.२ सस्वरपठनको गति वृद्धि गर्न<br>२.३ पाठको मौनपठन गर्न<br>२.४ पाठमा निहित विषयवस्तुको बोध गर्ने गरी पढ्न<br>२.५ मौनवाचन गरिएका विषयवस्तुका बारेमा प्रश्नोत्तर गर्न<br>२.६ पाठमा निहित भाव विश्लेषण गर्ने गरी पढ्न |
| ३. लिखित सामग्रीको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न | ३.१ लेख्य सामग्री पढी विषयवस्तु पहिचान गर्न<br>३.२ लेख्य पाठमा रहेका पात्र, पाठगत संरचना, घटना र घटनाक्रम पहिचान गर्न<br>३.३ निर्धारित पाठमा आधारित भई प्रश्नोत्तर गर्न<br>३.४ लिखित सामग्री पढी भाव ग्रहण गर्न |
| ४. व्यावहारिक रचनाको विषयवस्तु र ढाँचा बोध गर्न | ४.१ चिठी, विज्ञापन, निमन्त्रणा जस्ता व्यावहारिक रचना रुचिपूर्वक पढ्न<br>४.२ व्यावहारिक रचनाको ढाँचा र संरचना बोध गर्ने गरी पढ्न<br>४.३ निर्धारित पाठका विषयवस्तु बोध गर्ने गरी पढ्न |
| ५. मुद्रित एवम् विद्युतीय सूचनामूलक सामग्री पढी विषयवस्तु बोध गर्न | ५.१ चित्र हेरी वर्णन गर्न<br>५.२ मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न<br>५.३ मुद्रित तथा विद्युतीय सामग्री पढेर विषयवस्तु तथा सूचनाका बारेमा प्रश्नोत्तर गर्न<br>५.४ मुद्रित तथा विद्युतीय सामग्रीमा प्रस्तुत विषयवस्तु आवश्यकतानुसार उपयोग गर्ने गरी पढ्न |
| ६. विभिन्न प्रकारका पाठहरूको संरचना र सन्देश बोध गर्न | ६.१ पाठ पढी पाठको संरचना पहिचान गर्न<br>६.२ पाठ पढी पाठगत परिवेश पहिचान गर्न<br>६.३ पाठ पढी पाठगत सन्दर्भ पहिचान गर्न<br>६.४ पाठको सन्देश बोध गर्ने गरी पढ्न |

**लेखाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ निर्दिष्ट पाठ वा अनुच्छेदको श्रुतिलेखन गर्न |
| २. पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न | २.१ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>२.२ पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>२.३ नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>२.४ पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, समावेशक, समावेश्य लघुतावाची, समूहवाचक र पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोग गर्न |
| ३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटना वा वस्तुको लिखित वर्णन गर्न | ३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना वा वस्तुको लिखित वर्णन गर्न<br>३.२ विभिन्न चित्र र सङ्केतको वर्णन गर्न |
| ४. सम्बन्धित पाठमा आधारित प्रश्नको उत्तर लेख्न | ४.१ सम्बन्धित पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>४.२ सम्बन्धित पाठका घटनाहरूलाई सिलसिला मिलाई लेख्न<br>४.३ पाठमा प्रयुक्त पात्रहरूको सूची तयार पारी चरित्र वर्णन गर्न<br>४.४ सम्बन्धित पाठको सार र सन्देश लेख्न |
| ५. विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तरण गर्न | ५.१ निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तरण गरी लेख्न<br>५.२ पद्य विधाका पाठहरूलाई गद्य ढाँचामा परिवर्तन गर्न |
| ६. निर्धारित लेख्य चिह्न र वर्णविन्यासको समुचित प्रयोग गर्न | ६.१ अल्पविराम, पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको समुचित प्रयोग गरी वाक्य रचना गर्न<br>६.२ निर्धारित वर्णविन्यासको उपयुक्त प्रयोग गर्न<br>६.३ पदयोग र पदवियोगको समुचित प्रयोग गर्न |
| ७. भाषातत्वको समुचित प्रयोगसहित सङ्गति मिलाई पाठ रचना गर्न | ७.१ लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिले नमिलेको पहिचान गरी वाक्य तथा पाठको रचना गर्न<br>७.२ शब्दवर्गअन्तर्गतका नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, निपात, संयोजक र विस्मयादिबोधकको उपयुक्त प्रयोग गर्न<br>७.३ काल, पक्ष, करण र अकरणका आधारमा वाक्य तथा पाठको रचना गर्न<br>७.४ सामान्यार्थ, सम्भावनार्थ र आज्ञार्थका क्रियापद प्रयोग गरी वाक्य तथा पाठको रचना गर्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| | ७.५ सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न<br>७.६ कारक र विभक्तिको पहिचान र प्रयोग गर्न |
| ८. विभिन्न विषयमा आधारित भई स्वतन्त्र तथा निर्देशित रचना तयार गर्न | ८.१ विभिन्न विषयमा आधारित भई निर्देशित रचना तयार गर्न<br>८.२ विभिन्न विषयमा आधारित भई स्वतन्त्र रचना तयार गर्न<br>८.३ स्वतन्त्र रूपमा परिचित व्यक्तिको व्यक्तिवृत्त तयार पार्न |
| ९. पाठ पढी विषयवस्तुको भाव प्रस्तुत गर्न | ९.१ सम्बन्धित पाठको भावलाई बुँदामा प्रस्तुत गर्न<br>९.२ पाठको सन्देश वा भावलाई आरेखमा देखाउन<br>९.३ सम्बन्धित पाठको सार लेख्न<br>९.४ अपूर्ण अनुच्छेद, कविता, कथा र संवादलाई पूरा गर्न |
| १०. दैनिक जीवनमा आधारित भई व्यावहारिक लेखन गर्न | १०.१ व्यावहारिक लेखनअन्तर्गतका चिठी, निवेदन, शुभकामना, निमन्त्रण तयार पार्न<br>१०.२ इमेल म्यासेजको प्रयोग गरी सन्देश प्रवाह गर्न |

**(ख) कक्षागत सिकाइ उपलब्धि (कक्षा ७)**

**सुनाइ र बोलाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. विभिन्न विषयको वर्णन सुनी प्रतिक्रिया जनाउन | १.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.२ अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>१.३ कुनै पनि विषयको श्रुतिवर्णन, श्रुतिविवेचना गर्न<br>१.४ विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ सन्दर्भ र परिवेशअनुरूप मौखिक अभिव्यक्ति दिन<br>२.२ अरूले व्यक्त गरेका विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>२.३ सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्न |
| ३. पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न | ३.१ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>३.२ पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न<br>३.३ विषयवस्तु वा घटनालाई सारमा व्यक्त गर्न<br>३.४ विषयवस्तु वा घटनामा आधारित भई पात्रको वर्णन तथा तुलना गर्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| --- | --- |
| | ३.५ पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्न |
| ४. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ४.१ रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु सुनी प्रतिक्रिया दिन<br>४.२ विभिन्न सञ्चार माध्यमहरूमा आफ्ना विचार प्रस्तुत गर्न सक्ने गरी बोल्न |
| ५. विभिन्न प्रकारका अभिव्यक्तिको संरचना तथा शैली अनुकरण गर्न | ५.१ अभिव्यक्तिको संरचना र शैली पहिचान गर्न<br>५.२ विषयवस्तुको शैली अनुकरण गरी विचार प्रस्तुत गर्न |
| ६. विभिन्न विषयमा गरिने संवाद तथा वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन | ६.१ संवाद तथा वादविवादमा सक्रियतापूर्वक सहभागिता जनाउन<br>६.२ संवाद तथा वादविवादको शैली र संरचना अनुकरण गरी तर्क प्रस्तुत गर्न |
| ७. सामाजिक, सांस्कृतिक परिवेशअनुसार सान्दर्भिक प्रतिक्रिया जनाउन | ७.१ सामाजिक सांस्कृतिक परिवेशअनुसार भाषिक प्रतिक्रिया दिन<br>७.२ समाजमा प्रचलित भाषा, संस्कृति, रीतिरिवाजबारे बताउन<br>७.३ भाषिक भिन्नताको बोध गरी उपयुक्त भाषाको प्रयोग गर्न |
| ८. कल्पना वा यथार्थमा आधारित भई निर्दिष्ट विषयवस्तुको वर्णन गर्न | ८.१ कुनै विषय वा घटना सुनेर सन्दर्भ वा विषयवस्तुको वर्णन गर्न<br>८.२ तोकिएका विषयका बारेमा मौखिक सिर्जना गर्न |

**पढाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| --- | --- |
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति, लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न |
| २. निर्धारित समयमा पाठ पढी पठन गति वृद्धि गर्न | २.१ निर्धारित समयभित्र पाठको सस्वर पठन गर्न<br>२.२ गति वृद्धि गर्ने गरी पाठको सस्वर पठन गर्न |
| ३. पाठ पढी प्रश्नोत्तर गर्न | ३.१ पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>३.२ पाठलाई युग्म र समूहमा पठन गर्न<br>३.३ पाठमा रहेका पात्र वा घटनाको पहिचान गर्न<br>३.४ पाठमा निहित सन्देश ग्रहण गर्न<br>३.५ प्रश्नोत्तर गर्न सक्ने गरी निर्धारित पाठ पढ्न<br>३.६ पाठ पढी प्रश्न निर्माण गर्न |
| ४. पाठ पढी शब्दभण्डार वृद्धि गर्न | ४.१ पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>४.२ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गर्न<br>४.३ पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| | ४.४ विभिन्न पाठ्यसामग्री पढी शब्दभण्डार वृद्धि गर्ने |
| ५. मुद्रित एवम् विद्युतीय सामग्री रुचिपूर्वक पढ्न | ५.१ मुद्रित तथा विद्युतीय सामग्री बोध गर्ने गरी पढ्न<br>५.२ मुद्रित तथा विद्युतीय सामग्रीमा निहित मुख्य भाव पहिचान गर्ने गरी पढ्न<br>५.३ मुद्रित तथा विद्युतीय सामग्री मनोरञ्जन लिने गरी पढ्न |
| ६. विषयवस्तुको व्याख्या र विश्लेषण गर्ने गरी पढ्न | ६.१ पाठ्यसामग्रीको गहन अध्ययन गरी विषयवस्तुको सार खिच्न<br>६.२ विभिन्न प्रकारका पाठ पढी सन्देश बोध गर्न<br>६.३ पाठ्यसामग्री पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न |
| ७. व्यावहारिक लेखनका स्वरूप, विषयवस्तु र ढाँचा पहिल्याउने गरी पढ्न | ७.१ व्यावहारिक लेखनको ढाँचा र स्वरूप पहिचान गर्ने गरी पढ्न<br>७.२ चिठी, विज्ञापन, निमन्त्रणा, शुभकामना जस्ता व्यावहारिक रचना रुचिपूर्वक पढ्न |

**लेखाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न |
| २. पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न | २.१ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>२.२ पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>२.३ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>२.४ पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, समावेशक, समावेश्य, लघुतावाची, समूहवाचक, प्राविधिक/पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोग गर्न |
| ३. सुनेका, देखेका र अनुभव गरेका घटना, परिवेश र विषयवस्तुको लिखित वर्णन गर्न | ३.१ सुनेका, देखेका र अनुभव गरेका घटना, परिवेश र विषयवस्तुको टिपोट गर्न<br>३.२ सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>३.३ स्वअनुभवमा आधारित भई घटना वा विषयको काल्पनिक वर्णन गर्न |
| ४. विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तर गर्न | ४.१ निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तर गर्न<br>४.२ पद्य विधाका पाठ पढी गद्य ढाँचामा परिवर्तन गरी लेख्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| ५. पाठको विधागत स्वरूप पहिचान गरी प्रश्नोत्तर गर्न | ५.१ पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>५.२ सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न<br>५.३ पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>५.४ सम्बन्धित पाठको सार लेख्न<br>५.५ पाठ पढी पाठको समीक्षा गरी लेख्न |
| ६. वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न | ६.१ पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, उद्गार, योजक र कोष्ठक चिह्नको पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>६.२ लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिलाई वाक्य वा अनुच्छेद रचना गर्न<br>६.३ निर्धारित वर्णविन्यासको उपयुक्त प्रयोग गर्न<br>६.४ पदयोग र पदवियोगको समुचित प्रयोग गर्न |
| ७. भाषिक संरचनाको बोध गरी लेख्न | ७.१ पाठमा प्रयुक्त शब्दवर्गको पहिचान गर्न<br>७.२ अनुच्छेदमा प्रयोग गरिएका काल, भाव, करण अकरण, वाक्य र वाच्यको पहिचान गर्न<br>७.३ काल, पक्ष, भावका आधारमा निर्दिष्ट विषयको वर्णन गर्न<br>७.४ सङ्केतका आधारमा वाक्यान्तरण गर्न |
| ८. विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न | ८.१ पाठको सन्देश वा भावलाई प्रस्तुत गर्न<br>८.२ पाठका निर्दिष्ट उद्धरणको भाव विस्तार गर्न<br>८.३ पाठमा निहित विषयवस्तुको विश्लेषण गर्न |
| ९. व्यावहारिक लेखन गर्न | ९.१ व्यावहारिक लेखनअन्तर्गतका चिठी, निवेदन, शुभकामना, निमन्त्रणा तयार गर्न<br>९.२ इमेल म्यासेजको प्रयोग गरी सन्देश प्रवाह गर्न |
| १०.विषयवस्तुमा आधारित भई निर्देशित तथा स्वतन्त्र लेखन गर्न | १०.१ विषयवस्तुमा आधारित भई निर्देशित लेखन गर्न<br>१०.२ चित्रका आधारमा निर्देशित लेखन गर्न<br>१०.३ विषयवस्तुमा आधारित भई स्वतन्त्र रचना गर्न |

## (ग) कक्षागत सिकाइ उपलब्धि (कक्षा ८)

### सुनाइ र बोलाइ

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न | १.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.२ अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>१.३ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा सिलसिलाबद्ध रूपमा विचार प्रस्तुत गर्न<br>१.४ विषयको श्रुतिवर्णन र श्रुतिविवेचना गर्न<br>१.५ विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ सन्दर्भ र परिवेशअनुरूप मौखिक अभिव्यक्ति दिन<br>२.२ अरूले व्यक्त गरेका विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>२.३ सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्न |
| ३. पाठगत सन्दर्भमा आधारित छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गर्न | ३.१ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>३.२ पाठगत सन्दर्भमा आधारित भई मौखिक प्रश्न निर्माण गर्न<br>३.३ विषयवस्तु वा घटनालाई सारमा व्यक्त गर्न<br>३.४ विषयवस्तु वा घटनामा आधारित भई पात्रको वर्णन तथा तुलना गर्न<br>३.५ पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्न<br>३.६ पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न |
| ४. सामाजिक, सांस्कृतिक परिवेशअनुसार प्रतिक्रिया जनाउन | ४.१ कुराकानीका सन्दर्भमा सामाजिक सांस्कृतिक परिवेश पहिचान गरी प्रतिक्रिया जनाउन<br>४.२ समाजमा प्रचलित भाषा, संस्कृति बारेमा विचार व्यक्त गर्न<br>४.३ भाषिक विशेषता बोध गरी उपयुक्त भाषाको प्रयोग गर्न |
| ५. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ५.१ रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया जनाउन<br>५.२ विभिन्न सञ्चार साधनको प्रयोग गरी आफ्ना विचार प्रस्तुत गर्न<br>५.३ सञ्चार साधनमा व्यक्त विषयका बारेमा अन्तरक्रिया गर्न |
| ६. पाठको संरचना तथा शैली अनुकरण गर्न | ६.१ पाठको संरचना र शैली पहिचान गर्न<br>६.२ पाठको शैली अनुकरण गरी विचार व्यक्त गर्न |

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| --- | --- |
| ७. विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन | ७.१ संवाद तथा वादविवादको संरचना र शैली पहिचान गर्न<br>७.२ संवाद तथा वादविवादमा सक्रियतापूर्वक सहभागिता जनाउन<br>७.३ संवाद तथा वादविवादको शैली अनुकरण गरी विचार प्रस्तुत गर्न |
| ८. परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न | ८.१ कुनै विषय वा घटना सुनेर सन्दर्भ वा विषयवस्तु सिलसिला मिलाई वर्णन गर्न<br>८.२ विभिन्न क्षेत्रका व्यक्तिको परिचय र योगदान बताउन<br>८.३ परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न<br>८.४ आफ्नो दैनिकीलाई मौखिक रूपमा वर्णन गर्न |

**पढाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| --- | --- |
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गर्न |
| २. सस्वर पठन र मौन पठन गर्न | २.१ निर्धारित समयभित्र पाठको सस्वरपठन गरी गति वृद्धि गर्न<br>२.२ निर्धारित पाठको मौन पठन गरी प्रश्नोत्तर गर्न |
| 15 | Giving explanation | Bicycles are popular these days because they are inexpensive and eco-friendly.<br>I went to the bank in order to/to cash a check.<br>He saved money so that he would buy a piece of land. | Connectives: reason, purpose, contrast | Reading:<br>Argumentative text<br>An official notice<br>Writing:<br>A notice<br>An argumentative essay | 8 |
| 16 | Narrating a sequence of events | When Sumnima woke up early in the morning, she heard a strange noise outside. Then she peeped through the windowpane from her bedroom. She noticed some | Past simple<br>Past continuous<br>Past perfect | Reading:<br>An anecdote<br>A historical event<br>Writing:<br>A historical event<br>A story | 9 |

| S. N. | Language functions[5] and example structures/exponents | | Grammar | Reading and writing[6] | Hours |
|---|---|---|---|---|---|
| | | people shouting at each other……. | | | |
| 17 | Making and accepting offers | Would you like lemonade? I'll ring the bell if you like. Shall I carry your bag? Thank you. That would be great. I'd love to. Yes, please. That would be very nice. | Passive | Reading:<br>A story<br>A poem<br>Writing:<br>An email<br>A reply letter to an invitation | 8 |
| 18 | Asking for and giving opinion | What are your thoughts on that? You go along with that, don't you? That's a good point. I see your point. I don't think so. I agree with you to an extent, however…..<br>It's too hot today. What do you think? | Intensifiers (too and enough) | Reading:<br>A short newspaper article<br>A poem<br>Writing:<br>An essay<br>Punctuation | 10 |
| 19 | Reporting | He told me to get ready by 9 o'clock. The teacher said that Kapilvastu is in Nepal. She asked me why I was excited. | Reported speech | Reading:<br>A story<br>A news report<br>Writing:<br>Completing a skeleton story<br>A news report | 10 |
| **Total working hours** | | | | | **160** |

## 6. Learning Facilitation Process

Learning facilitation process is an integral part of the curriculum. This ensures learning on the part of the students. While facilitating, the teacher should use a variety of teaching learning methods. A combination of various teaching learning methods and techniques is encouraged for effective teaching and facilitation. Above all, English is to be taught in English. This will give ample exposure to the students. It is advised to use simple English as far as possible. Translation can be used only when it is really necessary. The teachers can use Nepali when they are giving instructions to set up a task or to explain complicated rules.

### 6.1 Principles of Learning Facilitation

The learning facilitation process in English should follow the following principles:

a. **Fun and engagement:** A great way to make students learn a language easily is to get them engaged in the learning process. When teachers use activities that make learners engaged with fun, students are more willing to participate and take risks.

b. **Communicative activities:** Learning English is primarily for communication so an English class should have lots of real-life communicative tasks and activities.

c. **Exposure:** Language learning depends on the amount of exposure the students get. It is in English class where students should get the chance to listen to English. Teachers need to use simple English and avoid the use of translation into students' language until when it's really necessary.

d. **Personalisation:** Personalisation takes place when activities allow students to use language to express their ideas, feelings and opinions. Personalisation ensures true communication as learners communicate real information about themselves.

e. **Content and language integrated learning:** Meaningful contents relating to the real world help learners comprehend not only the content but also the accompanying language. Integrating content and language is a clear departure from mere communication towards a meaningful cognition through the language being learnt.

f. **Diversity as a resource:** In diverse classrooms with learners from multilingual and multicultural backgrounds, exploiting diversity as a resource helps not only in the teaching learning process but also in creating social cohesion. The contents from diverse contexts establish the pluralistic concept first in classrooms and later in the real world.

g. **Learning through Information and Communication Technology (ICT):** With the advent of ICT, language learning has been more accessible to the learners. The mobile phone and media technologies allow learners to access learning materials from anywhere and anytime. The use of ICT tools in classroom pedagogy gives learners more autonomy in different ways.

h. **Learners' autonomy:** Students learn better when they get autonomy. The strategies that promote learners' autonomy like; self-correction, peer correction, self-learning, etc. should be encouraged.

### 6.2 Methods and Techniques

Based on the above-mentioned pedagogical principles, the following methods and techniques have been suggested in order to deliver this curriculum:

- Question-answer
- Demonstration
- Games
- Use of pictures/flashcards
- Use of chants and rhymes
- Pair work and group work
- Acting/role play/simulation
- Drill
- Storytelling
- Dictionary use
- Use of ICT tools
- Reading aloud
- Silent reading
- Dictation
- Brainstorming
- Mind-mapping
- Controlled writing
- Guided writing
- Jigsaw reading
- Assembling strip story
- Think, pair, share
- Individual work
- Use of audios/videos
- Sentence starters
- Use of worksheets
- Modeling
- Free writing
- Project work
- Cued dialogue

The teachers can make use of other appropriate methods and techniques as per the need of contents and context.

## 7. Student Assessment

Assessment should be an integral part of teaching-learning process. Both formative and summative assessment should be carried out to assess the students' learning. The main purpose of formative assessment is to improve learning. Formal as well as informal assessment strategies will be used in formative assessment. Some tools for formative assessment can be classroom activities and classroom tasks, observation of students' work and performance, homework, project work, oral and written test, unit and trimester examinations, self and peer assessment and so on.

Summative assessment will be carried out to determine the learning level of the students. Both internal (50%) and external (50%) assessment will take the form of summative assessment.

### 7.1 Internal Assessment

Internal assessment consists of several components. A portfolio of each student should be maintained by the teacher. The portfolio consists of the details on students' performance in different assessment areas given in the table below. The record of student's project work, test

papers or other proof of the students' performance should be kept in his/her portfolio. The allocation of weightage to each of the assessment areas will be as specified in the table below:

| S. N. | Assessment area | Weightage |
|---|---|---|
| a | Participation (attendance: 2 and students' performance in teaching learning activities: 2) | 4 |
| b | Reading and writing (Each skill carries 50% weightage) | 16 |
| c | Listening and speaking (Each skill carries 50% weightage) | 20 |
| d | Terminal test | 10 |

Assessment in each area from *a* to *c* above should be done regularly.

### 7.1.1 Specification for Internal Assessment

| | |
|---|---|
| a. Participation - 4 (Attendance -2 and students' performance in teaching learning activities -2) | Students' attendance carries 2 marks and their performance in teaching learning activities carries 2 marks. Keep their records of attendance and performance and award marks based on the judgement. |
| b. Reading and writing – 16 (Each skill carries 50% weightage) | Teachers can themselves decide the number of internal tests for reading and writing. Here are some suggestions for the types of reading and writing tasks.<br>**Reading**<br>1. A reading comprehension test with different types of reading texts: story, timetable, menus, charts, calendar, notice, letter, news stories, brochure, biography and short essay. Use a different type of text at each assessment. The question types can be true/false, fill in the gaps, multiple choice, matching, ordering, short answer questions)<br>2. The questions should cover literal comprehension, reorganisation, inference and evaluation skills.<br>3. Ask the students to read a short story in English (get the book from the library or somebody else) and ask reading comprehension questions orally.<br>**Writing**<br>1. A writing task that covers the mechanics of writing: punctuation, spelling, capitalization, etc.<br>2. Writing tasks like:<br>a. A short paragraph<br>b. A short story<br>c. A news story<br>d. A short dialogue<br>e. A personal letter<br>f. A leave application |

| | |
|---|---|
| | g. A description of table/charts/diagrams<br>h. A short essay<br>i. A dialogue<br>(Note: The tasks chosen for the assessment of students' learning should reflect the tasks they have practised in the assessment period.) |
| c. Listening and speaking - 20 (Each skill carries 50% weightage) | Teachers can themselves decide the number of internal tests for listening and speaking. Here are some suggestions for the types of listening and speaking tasks.<br>**Listening**<br>1. Listen and act<br>2. Listen and draw<br>3. Listen and answer<br>4. Listen and follow<br>5. Listen and tick<br>6. Dictation<br>(The teacher can use recorded audio or his/her own voice for testing students' listening skill. The test items for 'listen and answer' can be true/false, multiple-choice, fill in the blanks or matching.)<br>**Speaking**<br>1. Question answer<br>2. Describing picture<br>3. Describing people/place/object<br>4. Reading aloud<br>5. Talking about oneself<br>6. Speaking on a simple topic<br>7. Retelling stories<br>8. Reading aloud<br>(Teachers need to assess accuracy, range of vocabulary, structure and fluency) |
| d. Terminal test -10 | Administer two terminal tests and convert the weightage of each terminal test to 5 and keep the record of the students' scores accordingly. |

### 7.2 External Assessment

The final examination is based on the written test which covers reading and writing skills. Grammar is incorporated in writing section. Reading carries 25 marks and writing carries 25 marks. The test will follow the test specification chart developed by Curriculum Development Centre.

यो पेज जानीजानी खाली छोडिएको छ ।

# गणित

## १. परिचय

सूचना तथा प्रविधिको वर्तमान युगमा प्रविधि र गणितका बिच घनिष्ट सम्बन्ध छ। गणितीय ज्ञान र सिपले मानिसलाई आफ्नो दैनिक जीवनमा प्रयोगमा आउने सूचना तथा वैज्ञानिक प्रविधिहरूबारेमा समालोचनात्मक भई सोच्ने, तर्क गर्ने तथा निर्णय गर्ने क्षमताको विकास गर्न मदत गर्दछ। ज्ञान, विज्ञान र प्रविधिमा भएको विकास र नवप्रवर्तनलाई आफ्नो सन्दर्भसापेक्ष प्रयोग गर्ने सक्षमता प्राप्तिमा गणितको भूमिका महत्त्वपूर्ण छ। हाम्रा दैनिक जीवनका हरेक क्रियाकलापहरूमा पनि गणितको प्रत्यक्ष प्रयोग भइरहेको हुन्छ। आधारभूत तह (कक्षा ६–८) को यो पाठ्यक्रमको मूल उद्देश्य पनि गणितीय ज्ञान, सिप, अभिवृत्ति तथा क्षमता विकास गरी दैनिक जीवनका व्यावहारिक समस्या समाधान गर्न सक्षम बनाउनु हो।

कक्षा ६-८ को पाठ्यक्रमलाई सान्दर्भिक, व्यावहारिक र परिवेश सुहाउँदो बनाउन जति आवश्यक छ, त्यति नै विश्वमा ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तन सँगसँगै विकसित सामाजिक चाहना र आवश्यकतालाई पाठ्यक्रममा समावेश गर्न आवश्यक छ। सामाजिक आवश्यकताहरू तथा आकाङ्क्षाहरू पूरा गर्न सक्ने र समयअनुकूलनको उत्पादनशील जनशक्ति तयार गर्नु विद्यालय शिक्षाको प्रमुख दायित्व हो। यसबाट विद्यालय शिक्षामा समावेश गरिने गणित विषयमा पनि सामाजिक जीवनका प्रत्येक पक्षसँग सम्बन्ध कायम हुने गरी विषयवस्तु समावेश गराउनु आवश्यक छ। यही आवश्यकतालाई विचार गरी यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्रअनुसार व्यवहारकुशल सिपहरू पनि एकीकृत गरिएको छ। यस पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुअन्तर्गतका गणितीय ढाँचा, क्रिया र प्रक्रियाले विद्यार्थीमा कारण खोज्ने, औचित्यपूर्ण निर्णय दिने, विचार प्रष्ट राख्ने, व्यावहारिक गणितीय समस्या समाधान गर्ने जस्ता सक्षमताहरू विकास गर्न सहयोग पुग्ने छ। त्यसै गरी यसमा विद्यार्थीको क्षमता, उमेर, स्तर अनुकूल हुने गरी माध्यमिक तहको शिक्षा प्राप्त गर्न पूर्वाधार विकास गर्न आवश्यक पर्ने विषयवस्तुहरू समेटिएका छन्।

यस पाठ्यक्रममा समावेश भएका मुख्य विषयवस्तुका क्षेत्रहरू समूह, अङ्कगणित, क्षेत्रमिति, बीजगणित, ज्यामिति र तथ्याङ्कशास्त्र रहेका छन्। उल्लिखित क्षेत्रअन्तर्गत विषयवस्तुको सहजीकरण कार्यकलाप सञ्चालनका लागि कक्षा ६, ७ र ८ प्रत्येकमा प्रति हप्ता ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० कार्यघण्टा तोकी सोहीअनुसार क्षेत्रगत रूपमा समेत कार्यघण्टाको बाँडफाँड पनि गरिएको छ। गणितको सिकाइ क्रियाकलापलाई सकेसम्म विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित गराई 'गरेर सिक्ने' सिद्धान्तमा आधारित भई व्यावहारिक र प्रयोगात्मक पक्षलाई ध्यान दिनुपर्ने कुरामा यस पाठ्यक्रमले जोड दिएको छ। विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई पनि बढी वस्तुगत र व्यावहारिक बनाउने प्रयास गरिएको छ। व्यावहारिक र प्रयोगात्मक सिकाइले विद्यार्थीमा गणित प्रतिको रुचि वृद्धि भई पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू हासिल हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**२. तहगत सक्षमता :** यस तहमा गणित विषयको अध्ययनपश्चात् विद्यार्थीमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. समूहसम्बन्धी व्यावहारिक समस्याको समाधान

२. वास्तविक सङ्ख्या पद्धतिसँगसम्बन्धित व्यावहारिक समस्याहरूको समाधान

३. परिमिति, क्षेत्रफल तथा आयतनसम्बन्धी व्यावहारिक समस्याहरूको समाधान

४. बीजीय अभिव्यञ्जक तथा समीकरणसम्बन्धी समस्याहरू समाधान

५. समतलीय तथा ठोस आकृतिहरूको रचना र गुणहरू तथा तथ्यहरूको परीक्षण

६. निर्देशाङ्कहरू, पाइथागोरस साध्यर स्थानान्तरणसम्बन्धी धारणाको प्रयोगसहित समस्या समाधान

७. तथ्याङ्कको वर्गीकरण, प्रस्तुति र व्याख्या

८. गणितीय ज्ञान, सिप र धारणाहरूको विषयक क्षेत्र तथा अन्य विषयका सिकाइ क्षेत्रसँग सम्बन्ध स्थापित गर्ने क्षमताको विकास

**३. कक्षागत सिकाइ उपलब्धि :** यस विषयको अध्ययनपश्चात् विद्यार्थीमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने छन् :

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | समूह | समूह | ▪ वस्तुहरूको सङ्कलन गरी समूहका सदस्यहरूको सूची निर्माण गर्न<br>▪ समूहलाई सङ्केतमा लेख्न<br>▪ समूहलाई जनाउने तरिकाहरू बताउन र प्रयोग गर्न<br>▪ समूहको सदस्य भए नभएको छुट्याउन | ▪ खाली समुह, समतुल्य, बराबर, सीमित र असीमित समूहको परिचय दिन<br>▪ सर्वव्यापक समूह र उपसमूहहरूको पहिचान गर्न | ▪ अलग्गिएका र खप्टिएका समूहहरू छुट्याउन<br>▪ दिइएको समूहको आधारमा उपयुक्त र अनुपयुक्त उपसमूहहरू पहिचान गर्न ।<br>▪ दिइएको समूहको उपयुक्त र अनुपयुक्त उपसमूहहरू निर्माण गर्न |
| २. | अङ्कगणित | २.१. वास्तविक सङ्ख्या<br>(क) पूर्ण सङ्ख्या | ▪ पूर्ण सङ्ख्याको परिचय दिन<br>▪ चार आधारभूत क्रिया र कोष्ठकहरू समावेश भएको सरलीकरण गर्न<br>▪ भाज्यताको परीक्षण गर्न ।<br>▪ गुणनखण्ड र अपवर्त्यहरू पत्ता लगाउन<br>▪ १०० सम्मका सङ्ख्याहरूमा वर्गसङ्ख्या र ती सङ्ख्याका वर्गमूल पत्ता लगाउन<br>▪ तीन अङ्कसम्मका सङ्ख्याहरूको रूढ गुणनखण्ड पत्ता लगाउन ।<br>▪ दुई सङ्ख्याहरूको महत्तम समापवर्तक र लघुत्तम समापवर्त्य पत्ता लगाउन | ▪ रूढ खण्डीकरण र भाग विधिबाट वर्गमूल पत्ता लगाउन ।<br>▪ रूढ खण्डीकरण विधिबाट घनमूल पत्ता लगाउन<br>▪ तीनओटा सम्म सङ्ख्याहरूको महत्तम समापवर्तक र लघुत्तम समापवर्त्य पत्ता लगाउन | ▪ द्विआधार सङ्ख्या पद्धति र पञ्चआधार सङ्ख्या पद्धतिको परिचय दिन<br>▪ दशमलव सङ्ख्या पद्धतिबाट द्विआधार सङ्ख्या पद्धति र पञ्चआधार सङ्ख्या पद्धतिमा रूपान्तरण गर्न<br>▪ द्विआधार सङ्ख्या पद्धति र पञ्चआधार सङ्ख्या पद्धतिबाट दशमलव सङ्ख्या पद्धतिमा रूपान्तरण गर्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | (ख) पूर्णाङ्क | ▪ पूर्णाङ्कको परिचय दिन | ▪ चार आधारभूत क्रिया प्रयोग गरी पूर्णाङ्कको सरलीकरण गर्न | |
| | | (ग) आनुपातिक र अनानुपातिक सङ्ख्याहरू | | ▪ आनुपातिक सङ्ख्याहरूको पहिचान गर्न<br>▪ अन्त्य हुने र अन्त्य नहुने (पुनरावृत्ति हुनेमात्र) दशमलव सङ्ख्यालाई भिन्नमा रुपान्तर गर्न । | ▪ अनानुपातिक सङ्ख्याहरूको पहिचान गर्न<br>▪ आनुपातिक र अनानुपातिक सङ्ख्याहरू छुट्याउन<br>▪ सङ्ख्यालाई वैज्ञानिक सङ्केतमा र वैज्ञानिक सङ्केतमा भएका सङ्ख्यालाई दशमलव सङ्ख्यामा लेख्न |
| | | २.२. भिन्न, दशमलव र प्रतिशत | (क) भिन्न<br>▪ समतुल्य भिन्नहरू पत्ता लगाउन<br>▪ असमान हर भएका भिन्नहरूको तुलना गर्न<br>▪ असमान हर भएका भिन्नको जोड र घटाउ गर्न<br>▪ भिन्नको गुणन र भाग गर्न<br>(ख) दशमलव<br>▪ दशमलवको गुणन र भाग गर्न<br>▪ दशमलव सङ्ख्यालाई दिइएको स्थानमा शून्यान्त गर्न<br>(ग) प्रतिशत<br>▪ प्रतिशतसम्बन्धी समस्याहरू समाधान गर्न | ▪ चार आधारभूत क्रिया समावेश भएका भिन्नको सरलीकरण गर्न<br>▪ चार आधारभूत क्रिया समावेश भएका दशमलवको सरलीकरण गर्न | |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | २.३. अनुपात र समानुपात | | ▪ अनुपात र समानुपातको परिचय दिन | ▪ अनुपात र समानुपातसम्बन्धी समस्याहरू समाधान गर्न |
| | | २.४. नाफा र नोक्सान | ▪ नाफा वा नोक्सानको पहिचान गर्न ।<br>▪ प्रतिशत समावेश नभएका नाफा र नोक्सानका समस्याहरू समाधान गर्न | ▪ प्रतिशत समावेश भएका नाफा र नोक्सानसम्बन्धी समस्याहरू समाधान गर्न | ▪ छुट प्रतिशत समावेश भएका नाफा र नोक्सानसम्बन्धी समस्याहरू समाधान गर्न |
| | | २.५. ऐकिक नियम | ▪ एकाइ वस्तुको मानका आधारमा धेरै वस्तुको मान र धेरै वस्तुको मानका आधारमा एकाइ वस्तुको मान पत्ता लगाउन | ▪ प्रत्यक्ष र अप्रत्यक्ष विचरणको प्रयोग गरी दुईओटा चल समावेश भएका समस्याहरू समाधान गर्न | ▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरणको प्रयोग गरी तीनओटा सम्म चल समावेश भएका समस्या समाधान गर्न |
| | | २.६ साधारण ब्याज | | | ▪ साधारण ब्याजसम्बन्धी अवधारणा विकास गर्न<br>▪ साधारण ब्याजसम्बन्धी समस्या समाधान गर्न |
| ३. | क्षेत्रमिति | ३.१ दुरी | ▪ इन्च, फुट, सेन्टिमिटर र मिटरको आपसीसम्बन्ध स्थापित गर्न | | |
| | | ३.२. परिमिति, क्षेत्रफल र आयतन | ▪ वर्गाकार र आयताकार सतहको परिमिति र क्षेत्रफल पत्ता लगाउन<br>▪ दिइएको चित्रमा वर्ग गन्ती गरेर अनियमित आकृतिहरूको क्षेत्रफल पत्ता लगाउन<br>▪ षड्मुखा र घनको आयतन पत्ता लगाउन | ▪ त्रिभुजाकार सतहको परिमिति पत्ता लगाउन ।<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल पत्ता लगाउन<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल र आयतनसम्बन्धी | ▪ त्रिभुज र चतुर्भुजको क्षेत्रफल पत्ता लगाउन<br>▪ वृत्तको क्षेत्रफल पत्ता लगाउने सुत्र स्थापित गरी प्रयोग गर्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | | | समस्याहरू समाधान गर्न ।<br>▪ वृत्तको परिधि र व्यासको सम्बन्ध स्थापित गरी प्रयोग गर्न । | |
| ४. | बीजगणित | ४.१. घाताङ्क | ▪ घाताङ्कको अवधारणा विकास गर्न | ▪ घाताङ्कको सरल गर्न | घाताङ्कका नियम प्रयोग गरी सरलीकरण गर्न |
| | | ४.२. बीजीय अभिव्यञ्जक | ▪ बीजीय अभिव्यञ्जकहरूको जोड र घटाउ गर्न<br>▪ बीजीय अभिव्यञ्जकको गुणन र भाग गर्न<br>▪ चलराशिका दिइएको मानका आधारमा बीजीय अभिव्यञ्जकको मान पत्ता लगाउन । | ▪ बीजीय अभिव्यञ्जकहरूको गुणन र भाग गर्न ।<br>▪ $(a \pm b)^2$ को सुत्र स्थापित गरी प्रयोग गर्न | ▪ बीजीय अभिव्यञ्जकको खण्डीकरण गर्न<br>▪ बीजीय अभिव्यञ्जकको महत्तम समापवर्तक (Highest Common Factor) र लघुत्तम समापवर्त्य (Lowest Common Multiple) पत्ता लगाउन<br>▪ बीजीय भिन्नको परिचय दिन<br>▪ बीजीय भिन्नको सरलीकरण गर्न |
| | | ४.३. समीकरण, असमानता र ग्राफ | ▪ एक चलयुक्त रेखीय समीकरणको हल गर्न ।<br>▪ ट्रिकोटोमी नियमका चिह्नहरू प्रयोग गर्न । | ▪ दुई चलयुक्त रेखीय समीकरणको लेखाचित्र खिच्न ।<br>▪ असमानता हल गरी सङ्ख्यारेखामा देखाउन । | ▪ दुई चलयुक्त युगपतरेखीय समीकरण हल गर्न<br>▪ वर्ग समीकरण हल गर्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| ५. | ज्यामिति | ५.१. रेखा र कोणहरू | ▪ प्रतिच्छेदित, समानान्तर र लम्ब रेखाहरू पहिचान गर्न<br>▪ समानान्तर रेखा र लम्ब रेखा रचना गर्न<br>▪ कोणहरूको वर्गीकरण गर्न<br>▪ कोणको अर्धक र रेखाखण्डको लम्बार्धकको रचना गर्न<br>▪ कोणहरू (30°, 45°, 60°, 90° र 120°) को रचना गर्न | ▪ कोणहरू (15°, 75°, 105°, 135°, 150°) को रचना गर्न<br>▪ दिइएको कोणसँग बराबर हुने कोणको रचना गर्न ।<br>▪ जोडा कोणहरूको पहिचान गर्न<br>▪ जोडा कोणहरूसम्बन्धी ज्यामितीय तथ्यहरू परीक्षण गर्न | ▪ दुईओटा सिधा रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरूको पहिचान गर्न<br>▪ दुईओटा समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरूको सम्बन्धको परीक्षण गर्न |
| | | ५.२. समतलीय आकृतिहरू | ▪ भुजा र कोणका आधारमा त्रिभुजहरूको वर्गीकरण गर्न ।<br>▪ चतुर्भुजहरूको पहिचान गर्न<br>▪ वृत्त र यसका विभिन्न भागहरू पहिचान गर्न | ▪ दिइएको अवस्थामा त्रिभुजको रचना गर्न<br>▪ दिइएका चतुर्भुज (समानान्तर चतुर्भुज, आयत र वर्ग) का गुणहरूको खोजी र परीक्षण गर्न<br>▪ पाइथागोरस साध्यअनुसार समकोण त्रिभुजका आधार, लम्ब र कर्णको सम्बन्ध स्थापित गर्न | ▪ त्रिभुजका गुणहरूको खोजी गरी प्रयोगबाट परीक्षण गर्न<br>▪ चतुर्भुज (समबाहु चतुर्भुज, समलम्ब चतुर्भुज र चङ्गा) का गुणहरूको खोजी र परीक्षण गर्न<br>▪ दिइएको अवस्थामा आयत, वर्ग र समानान्तर चतुर्भुजको रचना गर्न<br>▪ बहुभुजको पहिचान गर्न र नियमित बहुभुजको भित्री तथा बाहिरी कोणहरूको नाप पत्ता लगाई तिनीका बिचको सम्बन्ध स्थापित गर्न |
| | | ५.३. समरूपता तथा | | ▪ अनुरूप आकृतिहरूचिन्न र खोजी गर्न | ▪ त्रिभुजहरू अनुरूप हुने अवस्थाहरूको परीक्षण गर्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | अनुरूपता | | | ▪ अनुरूप त्रिभुजसम्बन्धी समस्याहरू समाधान गर्न<br>▪ समरूप आकृतिहरू चिन्न र खोजी गर्न |
| | | ५.४. ठोस वस्तुहरू | ▪ षड्मुखा र घनका सतह, किनारा र कुनाको सम्बन्ध स्थापित गर्न<br>▪ सोली, गोला र बेलनाको पचिय दिन<br>▪ घन र षड्मुखाका खोक्रा नमुनाहरू निर्माण गर्न | ▪ टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोक्रा नमुना निर्माण गर्न<br>▪ टेट्राहेड्रन, घन, अक्टाहेड्रन, डोडेकाहेड्रन र आइकोसाहेड्रनको किनारा, सतह र कुनाको सम्बन्ध स्थापित गर्न | ▪ त्रिभुजाकार प्रिज्म र पिरामिडलाई सम्बन्ध सहित चिनारी गराउन<br>▪ घन, षड्मुखा, टेट्राहेड्रन, सोली र बेलनाका जालीहरू निर्माण गर्न |
| | | ५.५ निर्देशाङ्कहरू | ▪ अक्ष, चतुर्थांश र निर्देशाङ्कको धारणा विकास गरी चतुर्थांशमा बिन्दुलाई अङ्कन (Plotting) गर्न | ▪ लेखाचित्रमा दिइएको बिन्दुको निर्देशाङ्क पत्ता लगाउन तथा बिन्दुलाई अङ्कन गर्न<br>▪ अक्षहरूसँग समानान्तर हुने रेखामा पर्ने दुई बिन्दुबिचको दुरी पत्ता लगाउन | ▪ दुई बिन्दुबिचको दुरी निकाल्न |
| | | ५.६. सममिति र टेसेलेसन | ▪ सममितीय चित्रहरू चिन्न<br>▪ आयत र वर्गबाट बनेका टेसेलेसन ढाँचा खोजी गर्न<br>▪ आयत र वर्गबाट टेसेलेसन ढाँचा तयार पार्न | ▪ रेखीय र बिन्दु सममितीय चित्रहरू छुट्याउन<br>▪ त्रिभुजहरूबाट बनेका टेसेलेसनहरूको खोजी गर्न<br>▪ त्रिभुजको प्रयोगबाट टेसेलेसन तयार पार्न | ▪ नियमित र अर्धनियमित टेसेलेसन खोजी गर्न र तयार पार्न |

| क्र.सं. | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|---|
| | | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| | | ५.७ स्थानान्तरण | | ▪ स्थानान्तरणको परिचय दिन<br>▪ लेखाचित्रमा X- अक्ष र Y- अक्षमा बिन्दु र रेखाको परावर्तन गर्न<br>▪ ठाडो र तेर्सो रेखामा बिन्दु र रेखाको विस्थापन गर्न | ▪ लेखाचित्रमा त्रिभुजको परावर्तन गर्न<br>▪ निर्देशाङ्कका आधारमा बिन्दु, रेखा र त्रिभुजलाई दाँया र माथि विस्थापन गर्न<br>▪ उद्गम बिन्दुको आधारमा बिन्दु, रेखा र त्रिभुजलाई 90° को कोणमा परिक्रमण गर्न |
| | | ५.८ दिशा स्थिति र स्केल ड्इङ | | ▪ दिशा स्थिति र स्केल ड्इङको परिचय दिन<br>▪ नक्सामा दिशा पढ्न | ▪ नक्सामा दिशास्थिति र स्केल ड्इङको प्रयोग गर्न |
| ६. | तथ्याङ्क शास्त्र | तथ्याङ्कशास्त्र | ▪ तथ्याङ्कलाई मिलान चिह्न प्रयोग गरी बारम्बारता तालिकामा प्रस्तुत गर्न<br>▪ ग्राफमा साधारण स्तम्भचित्र निर्माण गर्न | ▪ रेखाचित्र (line graph) बाट जानकारी लिन र दिन<br>▪ दिइएको तथ्याङ्कबाट रेखाचित्र निर्माण गर्न ।<br>▪ तथ्याङ्कबाट बहुस्तम्भ चित्र निर्माण गर्न | ▪ वृत्तचित्रबाट जानकारी लिन दिन र तथ्याङ्कबाट वृत्तचित्र निर्माण गर्न ।<br>▪ वैयक्तिक श्रेणीको मध्यक, मध्यिका र रित पत्ता लगाउन |

## ४. विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

### कक्षा ६

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | समूह | ▪ समूह निर्माण<br>▪ समूह सङ्केतीकरण<br>▪ समूहलाई जनाउने तरिकाहरू<br>▪ समूहको सदस्यता | ▪ दिइएका वा सङ्कलित वस्तुहरूबाट निर्माण गरिएका समूहका सदस्यहरूको सूची तयार गरी समूह सङ्केतमा लेख्ने जस्ता समूह कार्य दिने समूहलाई सङ्केतीकरण गर्न लगाउने ।<br>▪ वस्तुहरूको सङ्कलन गरी समान गुणको आधारमा समूह तथा समूहका सदस्यको सूची निर्माण गर्न लगाउने<br>▪ दिइएका वा वस्तुहरूको सङ्कलन गरी बनाइएका समूहहरूलाई सूचीकरण, व्याख्या, समूह निर्माण तथा भेनचित्र जस्ता समूह जनाउने फरक फरक तरिकाबाट देखाउने वा देखाउन लगाउने ।<br>▪ जोडीमा हो वा होइन खेल खेलाई समूहका सदस्य भए नभएको छुट्याई समूहमा पर्छ वा पर्दैन सङ्केत प्रयोगबाट व्यक्त गर्न लगाउने । | ▪ समूहलाई जनाउने तरिकाहरू भन्न लगाएर<br>▪ समूहलाई फरक फरक तरिकाबाट लेख्न लगाएर<br>▪ समूहका सदस्य हुन् वा होइनन् भनी सङ्केतको प्रयोगबाट छुट्याउन लगाएर । | १० |
| २. | अङ्कगणित | २.१. वास्तविक सङ्ख्या<br>(क) पूर्ण सङ्ख्या<br>▪ पूर्ण सङ्ख्याको परिचय<br>▪ चार आधारभूत क्रिया र कोष्ठ समावेश भएका सरल<br>▪ भाज्यताको परीक्षण (2, 3, 5, 7 र 11) | ▪ व्यावहारिक उदाहरणहरूबाट गन्तीका सङ्ख्याहरूको समूहमा शून्य थप्नुको आवश्यकता बारेमा छलफल गराउँदै पूर्ण सङ्ख्याको परिचय दिने<br>▪ व्यावहारिक समस्यालाई गणितीय वाक्यमा रूपान्तरण गर्न लगाउने<br>▪ आगमन विधिको प्रयोग गरी सरलीकरण गर्दा प्रयोग हुने सङ्केतहरूको छलफल गराउने ।<br>▪ आगमन विधिको प्रयोग गरी रूढ सङ्ख्याहरू (2, | ▪ कक्षाकार्यको अवलोकन गरेर<br>▪ चार आधारभूत क्रिया र कोष्ठ समावेश सरलीकरण गर्न लगाएर<br>▪ वर्गाकार कागजका टुक्राहरूबाट आयत बनाई गुणनखण्ड निकाल्ने जस्ता परियोजना कार्य गर्न लगाएर<br>▪ १०० सम्मका सङ्ख्याहरूमा | १६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ गुणनखण्ड र अपवर्त्यहरू<br>▪ १०० सम्मका सङ्ख्याहरूमा वर्गसङ्ख्या र वर्गमूल<br>▪ तीन अङ्कसम्मका सङ्ख्याहरूको रूढ गुणनखण्ड<br>▪ सङ्ख्याको महत्तम समापवर्तक (म..स.) र लघुत्तम समापवर्त्य (ल.स.) (दुईओटा सङ्ख्यामात्र) | 3, 5, 7 र 11) ले कस्ता सङ्ख्याहरूलाई निशेष भाग जान्छ भनी भाज्यताको परीक्षण गराउने<br>▪ वर्गाकार कागजका टुक्राहरूलाई मिलाएर विभिन्न प्रकारका आयत बनाउन लगाई छलफलबाट गुणनखण्डको धारणा दिने<br>▪ जियोबोर्डको प्रयोग गरी वर्गसङ्ख्या र वर्गमूलको छलफल गराउने ।<br>▪ लगातार भाग विधि र वृक्षचित्र विधिबाट तीन अङ्कसम्मका सङ्ख्याहरूको रूढ गुणनखण्ड निकाल्न लगाउने<br>▪ गुणनखण्डको समूह बनाएर साझा गुणनखण्डका आधारमा सबैभन्दा ठूलो साझा गुणनखण्ड पत्ता लगाई महत्तम समापवर्तक र अपवर्त्यको समूह बनाएर सबैभन्दा सानो साझा अपवर्त्य पत्ता लगाउन लगाई लघुत्तम समापवर्त्यको अवधारणा दिने<br>▪ दुईओटा सम्म सङ्ख्याहरूको रुढ खण्डीकरण र भाग विधिबाटबाट महत्तम समापवर्तक (म..स.) र लघुत्तम समापवर्त्य (ल.स.) निकाल्न लगाउने | वर्गसङ्ख्या र वर्गमूल लेख्न लगाएर ।<br>▪ महत्तम समापवर्तक (म..स.) र लघुत्तम समापवर्त्य (ल.स.) निकाल्न लगाएर । | |
| | | (ख) पूर्णाङ्क<br>▪ पूर्णाङ्कको अवधारणा<br>▪ ऋणात्मक र धनात्मक सङ्ख्याहरूको सममितीय सम्बन्ध | ▪ पूर्ण सङ्ख्यालाई सङ्ख्या रेखामा देखाउन प्रयोग गर्न सकिने आधारभूत क्रियाहरूको छलफल गरी पूर्णाङ्कको अवधारणा दिने<br>▪ सङ्ख्या रेखाको माध्यमबाट पूर्णाङ्कलाई देखाउने<br>▪ कागज पट्याएर (origami) ऋणात्मक र धनात्मक सङ्ख्याहरूको सममितीय सम्बन्ध देखाउने । | ▪ पूर्णाङ्कलाई सङ्ख्या रेखामा देखाउन लगाएर<br>▪ सङ्ख्याहरू दिएर पूर्णाङ्क भए नभएको छुट्याउन लगाएर । | २ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | २.२. भिन्न, दशमलव र प्रतिशत<br>(क) भिन्न<br>▪ समतुल्य भिन्न<br>▪ असमान हर भएका भिन्नहरूको तुलना<br>▪ असमान हर भएका भिन्नहरूको जोड र घटाउ<br>▪ भिन्नको गुणन र भाग<br>(ख) दशमलव<br>▪ दशमलवको गुणन<br>▪ दशमलवको भाग (दशमलवलाई पूर्णाङ्कले)<br>▪ दशमलवको शून्यान्त (तीन स्थानसम्म)<br>(ग) प्रतिशत<br>▪ प्रतिशतसम्बन्धी समस्याहरू (जम्मा सङ्ख्या, प्रतिशत र प्रतिशतको सङ्ख्यामध्ये कुनै दुईओटा दिइएमा) | ▪ भिन्नका मोडेलहरू प्रस्तुत गरी समतुल्य भिन्नहरू खोज्न लगाउने<br>▪ समतुल्य भिन्न चार्टको माध्यमबाट समतुल्य भिन्नको परिचय दिने<br>▪ असमान हर भएका भिन्नहरूलाई समान हर भएका भिन्नमा रूपान्तर गर्न लगाई सानो र ठूलो छुट्याउन लगाउने<br>▪ पारदर्शी पाना (Transparency sheet) को प्रयोग तथा सङ्ख्या रेखाको प्रयोगबाट भिन्नको जोड, घटाउ, गुणन र भाग गर्न लगाउने<br>▪ एकाइ भिन्नको प्रयोग गरी भिन्न र पूर्ण सङ्ख्याको गुणन गर्न लगाउने<br>▪ दशमलवलाई भिन्नमा बदल्न लगाउने र भाग गर्न सिकाउने<br>▪ दशमलव सङ्ख्यालाई तीन स्थानसम्म शून्यान्त गर्न लगाउने<br>▪ व्यावहारिक समस्याहरू प्रस्तुत गरी छलफल र प्रश्नोत्तरबाट सङ्ख्याको प्रतिशतबाट मान र दुई सङ्ख्याबाट प्रतिशत निकाल्न लगाउने । | ▪ विभिन्न भिन्नहरूबाट समतुल्य भिन्न छुट्याउन लगाएर<br>▪ असमान हरहरू दिएर तुलना गर्न लगाएर<br>▪ भिन्नका जोड, घटाउ, गुणन र भागसम्बन्धी व्यावहारिक समस्याहरू समाधान गर्न लगाएर<br>▪ दशमलव सङ्ख्यालाई दशमलवको तीन स्थानसम्म शून्यान्त गर्न लगाएर<br>▪ समूह कार्य वा कक्षाकार्यमा विद्यार्थी सहभागिताको अवलोकन गरेर<br>▪ प्रतिशतसम्बन्धी प्रश्नोत्तर गरेर<br>▪ प्रतिशतसम्बन्धी समस्याहरू समाधान गर्न लगाएर । | १९ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | २.४. नाफा र नोक्सान<br>▪ नाफा नोक्सानको पहिचान<br>▪ प्रतिशत बाहेकका नाफा र नोक्सानका समस्याहरू | ▪ ग्राहक र पसलेको भूमिका निर्वाह गर्न लगाई तथा पसल र बजारको चित्र देखाएर छलफल गराई क्रयमूल्य र विक्रयमूल्य एवम् नाफा र नोक्सान हुने अवस्था सम्बन्धमा छलफल गराउने<br>▪ दैनिक जीवनका किनबेचसम्बन्धी समस्याहरूलाई छलफल र प्रश्नोत्तरबाट नाफा र नोक्सानसम्बन्धी समस्या समाधान गर्न लगाउने | ▪ रुब्रिक्सको प्रयोग गरी भूमिका निर्वाह कार्यमा विद्यार्थीको कार्यसम्पादन स्तरको लेखाजोखा गरेर<br>▪ नाफा नोक्सानसम्बन्धी समस्या समाधान गर्न लगाएर<br>▪ नजिकैको पसलको एक दिनको दैनिक क्रियाकलाप अवलोकन गरी क्रयमूल्य, विक्रय मूल्य, नाफा र नोक्सानसम्बन्धी टिपोट गर्ने जस्ता परियोजना कार्य गर्न लगाएर | ४ |
| | | २.५. ऐकिक नियम<br>▪ एकाइ वस्तुको मानका आधारमा धेरै वस्तुको मान र धेरै वस्तुको मानको आधारमा एकाइ वस्तुको मान | ▪ गुणन र भागको अवधारणाबाट प्रत्यक्ष परिवर्तनसँग सम्बन्धित वस्तुको सङ्ख्या र मूल्य अङ्कित कार्डहरू प्रदर्शन गरेर तिनीहरूबिचको सम्बन्ध पहिचान गर्न लगाउने ।<br>▪ दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूको उदाहरणबाट (जस्तैः कापीको सङ्ख्या र मूल्य) ऐकिक नियमसम्बन्धी समस्या समाधान गर्न लगाउने । | ▪ दैनिक जीवनमा प्रयोग हुने समानहरूको बजार मूल्य टिपोट गरी ऐकिक नियमसम्बन्धी समस्या समाधान गर्न लगाएर । | ४ |
| ३. | क्षेत्रमिति | ३.१. दुरी<br>▪ इन्च र सेन्टिमिटर, फुट र सेन्टिमिटर, इन्च र मिटर, फुट र | ▪ दुईवटा फरक स्केल वा मेजरिङ टेपको प्रयोग गरी इन्च र सेन्टिमिटर, फुट र सेन्टिमिटर, इन्च र मिटर, फुट र मिटर, इन्च र फुटबिचको सम्बन्ध खोज्न लगाउने । | ▪ इन्च, फुट, सेन्टिमिटर र मिटरको सम्बन्ध बताउन लगाएर । | १५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | मिटर, इन्च र फुटबिचको सम्बन्ध | | | |
| | | ३.२. परिमिति, क्षेत्रफल र आयतन<br>▪ वस्तुको वर्गाकार र आयताकार सतहको परिमिति (सुत्र स्थापित र प्रयोग)<br>▪ वर्ग गन्ती गरेर नियमित तथा अनियमित आकृतिहरूको क्षेत्रफल<br>▪ आयत र वर्गको क्षेत्रफल (सूत्र स्थापित र प्रयोग)<br>▪ षड्मुखा र घनको आयतन (सूत्र स्थापित र प्रयोग) | ▪ आयतकार कागजका टुक्राहरू, किताबको लम्बाइ र चौडाइ नापेर परिमिति निकाल्न लगाउने क्रियाकलाप गराई आयताकार सतहको परिमिति = २ (लम्बाइ + चौडाइ) र वर्गाकार सतहको परिमिति = ४ (भुजाको लम्बाइ) निकाल्न लगाउने र उक्त सूत्र प्रयोग गरी वरपरका वस्तुको आयताकार सतहको परिमिति निकाल्न लगाउने<br>▪ वर्गाङ्कित ग्रिडमा नियमित तथा अनियमित चित्र बनाई ती चित्रहरूको तुलनाको आधारमा क्षेत्रफल निकाल्ने अभ्यास गराउने<br>▪ आयतकार वा वर्गाकार कागजका टुक्राहरू, किताबको लम्बाइ र चौडाइ नापेर क्षेत्रफल निकाल्न लगाउने क्रियाकलाप गराई आयतको क्षेत्रफल (A) = लम्बाइ ($l$) × चौडाइ (b) र वर्गको क्षेत्रफल (A) = (लम्बाइ)$^{२}$ ($l^2$) सूत्र निकाल्न लगाउने र ती सूत्रको प्रयोग गरी वरपरका वस्तुहरू (आफ्नो कोठा, आँगन र टेबुलको सतह आदि) को आयताकार र वर्गाकार सतहको क्षेत्रफल पत्ता लगाउन लगाउने<br>▪ घनाकार ब्लकहरूको प्रयोग गरी षड्मुखाकार र घनाकार आकृति बनाउन लगाई त्यसको लम्बाइ, चौडाइ र उचाइ नापेर आयतन निकाल्ने | ▪ समूह छलफल तथा कार्यमा सहभागिता र कार्यको स्तर अवलोकन गर्न लगाएर<br>▪ आयताकार र वर्गाकार सतहका परिमिति तथा क्षेत्रफलसम्बन्धी समस्या समाधान गर्न लगाएर ।<br>▪ षड्मुखा र घनको आयतनसम्बन्धी समस्या समाधान गर्न लगाएर | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | क्रियाकलाप गराई षड्मुखाको आयतन (v) = लम्बाइ ($l$) × चौडाइ (b) × उचाइ (h) र घनको आयतन (v) = लम्बाइ ($l^3$) सूत्र निकाल्ने र त्यसको प्रयोग गरी षड्मुखाकार र घनाकार वस्तुको आयतन निकाल्नेबारे छलफल गर्ने र अभ्यास गराउने | | |
| ४. | बीजगणित | ४.१ घाताङ्क घाताङ्कको अवधारणा | ▪ गुणनसँग सम्बन्धित गराएर घाताङ्कको अवधारणा विकास गराउने । | ▪ घाताङ्कसम्बन्धी प्रश्नोत्तर गरेर | |
| | | ४.२. अभिव्यञ्जक<br>▪ तीन पदीयसम्मका दुईओटा बीजीय अभिव्यञ्जकको जोड र घटाउ<br>▪ दुई पदीय सम्मको अभिव्यञ्जकलाई एक पदीय बीजीय अभिव्यञ्जकले गुणन र भाग<br>▪ बीजीय अभिव्यञ्जकको मान | ▪ अङ्कगणितीय क्रियाहरू समावेश भएका व्यावहारिक उदाहरणहरूको सम्बन्धबाट तीन पदीयसम्मका दुईओटा बीजीय अभिव्यञ्जकको जोड, र घटाउसम्बन्धी समस्या छलफल गर्ने<br>▪ एक पदीयले द्विपदीयसम्मको बीजीय अभिव्यञ्जकलाई गुणन र भाग गर्न लगाउने ।<br>▪ चलराशिका दिइएको मान प्रतिस्थापन गरी बीजीय अभिव्यञ्जकको मान निकाल्न लगाउने | ▪ बीजीय अभिव्यञ्जकको जोड, घटाउ, गुणन र भागसम्बन्धी समस्या समाधान गर्न लगाएर<br>▪ चलको मान दिएर अभिव्यञ्जकको मान निकाल्न लगाएर | २० |
| | | ४.३. समीकरण, असमानता र ग्राफ<br>▪ एक चलयुक्त रेखीय समीकरण<br>▪ ट्रिकोटोमी नियमका | ▪ तराजु वा सन्तुलित डन्डीको प्रयोग गरी बराबरी तथ्यको धारणा विकास गराउने<br>▪ गणितीय खुला वाक्यबाट समीकरण बनाउन र हल गर्न लगाउने<br>▪ बराबरी तथ्य प्रयोग गरी एक चलयुक्त रेखीय | ▪ समीकरण हल गर्न लगाएर<br>▪ ट्रिकोटोमी नियमका चिह्नहरू प्रयोग गरिएका पत्ती बनाउने जस्ता परियोजना कार्य गर्न | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | चिह्नहरू (<, >, =) | समीकरणको हल गर्न लगाउने<br>▪ दुईओटा सङ्ख्याहरूबिचमा तुलना गर्दै सङ्ख्या रेखाको प्रयोग गरी ट्रिकोटोमी नियमका चिह्नहरू (<, >, =) को छलफल गराई प्रयोग गर्न लगाउने । | लगाएर । | |
| ५. | ज्यामिति | ५.१. रेखा र कोणहरू<br>▪ प्रतिच्छेदित र समानान्तर रेखाहरू (जोडी रेखाहरू)<br>▪ लम्ब रेखाहरू<br>▪ समानान्तर र लम्बरेखाहरूको रचना (सेटस्क्वायर प्रयोग गरेर)<br>▪ कोणको वर्गीकरण (न्यूनकोण, अधिक कोण, समकोण, सरल कोण र बृहत् कोण)<br>▪ कम्पासको प्रयोगबाट कोणको अर्धक र रेखाखण्डका लम्बार्धकको रचना<br>▪ कोणको रचना र नाप (कम्पासको प्रयोगद्वारा $30^\circ, 45^\circ, 60^\circ, 90^\circ$ र $120^\circ$ का कोणहरू) | ▪ हातका औँलाहरू, दुईओटा कलमहरूको माध्यमबाट प्रतिच्छेदित, समानान्तर रेखाहरू बनाई छलफल गराउने<br>▪ आयतकार कागजमा दुईतर्फबाट पट्याउन लगाएर बन्ने प्रतिच्छेदित रेखाहरू पहिचान गराउने र लम्ब हुने र नहुने अनुमान गर्न लगाउने<br>▪ दुई रेखाहरू प्रतिच्छेदन हुँदा बन्ने कोणहरू नाप्न लगाउने<br>▪ कक्षाकोठाका बोर्ड, डेस्क, बेन्चका कुना अवलोकन गराई लम्ब रेखा पहिचान गर्न लगाउने<br>▪ सेटस्क्वायरको प्रयोगको बारेमा छलफल गराई यसको प्रयोगबाट वा कागज पट्याएर समानान्तर र लम्ब रेखाहरू खिच्ने क्रियाकलापहरू गराउने<br>▪ विद्यार्थीको समूहमा फरक फरक कोणहरूका चित्रहरू दिएर तिनीहरूको प्रकार अनुमान गर्न तथा नाप्न लगाई छलफल गराएर कोणहरूको प्रकारहरू पहिचान गर्ने क्रियाकलापहरू गराउने<br>▪ समूहहरूमा कागज पट्याएर तथा कम्पासको प्रयोग गरेर कोणको अर्धक तथा रेखाखण्डको | ▪ जोडी रेखाखण्डहरूबाट तिनीहरूका प्रकारहरू छुट्याउन लगाएर<br>▪ सेटस्क्वायरको प्रयोग गरी समानान्तर र लम्ब रेखाहरूको रचना गर्न लगाएर<br>▪ कम्पासको प्रयोग गरी कोणको अर्धक, भुजाहरूको लम्बार्धक तथा विभिन्न कोणहरूको रचना गर्न लगाएर<br>▪ समूह कार्यमा विद्यार्थीको सक्रियताको अवलोकन गरेर<br>▪ विद्यार्थीले सामग्री प्रयोगको अवलोकन गरेर । | १९ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | लम्बार्धक खिच्न लगाउने<br>▪ सेटस्क्वायर र कम्पासको प्रयोग गरी 30°, 45°, 60°, 90° र 120° कोणहरू रचना गर्ने क्रियाकलापहरू गराउन | | |
| | | ५.२. समतलीय आकृतिहरू<br>▪ भुजा र कोणका आधारमा त्रिभुजहरूको वर्गीकरण<br>▪ चतुर्भुजको परिचय (आयत, वर्ग, समानान्तर चतुर्भुज, समलम्ब चतुर्भुज, समबाहु चतुर्भुज)<br>▪ वृत्त र यसका विभिन्न भागहरू | ▪ फरक फरक त्रिभुजहरू दिने र समूहमा छलफल गरी तिनीहरूको प्रकार अनुमान गर्न लगाउने, कोणहरू र भुजाहरू नाप्न लगाएर त्रिभुजका प्रकारहरू पहिचान गर्न लगाउने<br>▪ विद्यार्थीका समूहहरूलाई टेनग्राम उपलब्ध गराई आयत, वर्ग, समानान्तर चतुर्भुज, समलम्ब चतुर्भुज, समबाहु चतुर्भुजहरू बनाई छलफल गराउने<br>▪ स्थानीय सामग्री वा गणितीय अन्तरक्रियात्मक एप्सहरू प्रयोग गरी समतलीय आकृतिहरूको धारणाको विकास गराउने<br>▪ बेलनाकार वस्तुको आधार तथा अन्य वृत्ताकार आकृति भएका ठोस वस्तुहरू तथा वृत्तबोर्डको प्रयोगबाट वृत्तका विभिन्न भागहरूको पहिचान गर्ने क्रियाकलापहरू सञ्चालन गर्ने | ▪ भुजाहरू तथा कोणहरू नापेर दिइएको त्रिभुजको प्रकार पत्ता लगाउन लगाएर<br>▪ वृत्तको प्रदर्शनबाट विभिन्न भागहरूको पहिचान गर्न लगाएर | ९ |
| | | ५.४. ठोस वस्तुहरू<br>▪ षड्मुखा र घनका सतह, किनारा र कुनाको सम्बन्ध<br>▪ सोली, गोला र बेलनाको परिचय | ▪ समूहमा षड्मुखा, घन प्रदान गरेर तिनीहरूका किनारा, सतह तथा कुनाहरूका आधारमा तिनीहरूको सम्बन्ध खोज्ने क्रियाकलापहरू गराउने<br>▪ सोली, गोला र बेलनाकार वस्तुहरू प्रदर्शन गरेर तिनीहरूको परिचय तथा दैनिक जीवनमा तिनीहरूका उदाहरणहरू खोजी गर्न लगाउने | ▪ घन र षड्मुखाका खोक्रा नमुनाहरू निर्माण गर्न लगाएर<br>▪ परियोजना कार्य जस्तै : फरक फरक आकृति भएका ठोस वस्तुको सङ्कलन गर्न लगाएर | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ घन र षड्मुखाका खोक्रा नमुनाहरू | ▪ छ्वाली, सिन्काहरू तथा जुस पाइपहरूको प्रयोगबाट फरक फरक नापका घन र षड्मुखाका खोक्रा नमुनाहरू निर्माण गर्न लगाउने<br>▪ सम्भव भएसम्म गणितीय अन्तरक्रियात्मक एप्सहरू प्रयोग गरी ठोस वस्तुहरूको धारणाको विकास गराउन सकिने छ । | | |
| | | ५.५. निर्देशाङ्कहरू<br>▪ अक्ष र निर्देशाङ्कको परिचय<br>▪ चतुर्थांशमा बिन्दुहरू अङ्कन | ▪ खेल मैदानमा वर्गाकार कोठाहरू बनाई विभिन्न कोठामा हिडेर पुग्न लगाउने<br>▪ जियोबोर्ड, ग्राफबोर्डको प्रयोग गरी अक्ष र निर्देशाङ्कको परिचय दिने<br>▪ छलफल विधिबाट लेखाचित्रको चारओटै चतुर्थांशमा बिन्दु (x, y) हरूलाई अङ्कन (Plotting) गर्न लगाउने | ▪ सहकार्य विधिबाट बिन्दु (x, y) लाई अङ्कन गर्न लगाएर | ७ |
| | | ५.६. सममिति र टेसेलेसन<br>▪ सममितीय चित्रहरू<br>▪ आयत र वर्गका ढाँचाहरूबाट टेसेलेसन | ▪ सममिति चित्रहरूसम्बन्धी फोटाहरू, पोष्टरहरू वा डिजिटल सामग्री प्रदर्शन गरी छलफलबाट सममिति चित्र चिन्न लगाउने<br>▪ आयत र वर्ग प्रयोग भएका विभिन्न टायल, कार्पेट वा अन्य कुनैमा डिजाइन गरिएका नमुनाहरू देखाएर चार्ट पेपर वा वर्गाङ्कित कागजमा त्यस्तै टेसेलेसन ढाँचा तयार पार्न लगाउने । | ▪ सममिति चित्रहरू प्रदर्शन गरी चिन्न लगाएर<br>▪ आयत र वर्ग प्रयोगबाट बन्ने टेसेलेसन ढाँचा तयार पार्ने जस्ता परियोजना कार्य दिएर । | ५ |
| ६ | तथ्याङ्कशास्त्र | ६.१. तथ्याङ्कशास्त्र<br>▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कलाई मिलान चिह्न प्रयोग गरी बारम्बारता | ▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कलाई मिलान चिह्न प्रयोग गरी बारम्बारता तालिका बनाउन लगाउने र छलफल गर्ने<br>▪ तथ्याङ्कलाई ग्राफमा स्तम्भचित्र बनाउने सम्बन्धमा छलफल गराई ५ र १० को फरकमा | ▪ तथ्याङ्क सङ्कलन गरी मिलान चिह्नको प्रयोगबाट बारम्बारता तालिका बनाउन लगाएर | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | तालिका<br>▪ ग्राफमा साधारण स्तम्भचित्र बनाउन (१० र ५ को फरकमा) | १ वर्गकोठा = ५ एकाइ र १० एकाइ लिएर स्तम्भचित्र बनाउन लगाउने | ▪ तथ्याङ्कबाट ग्राफमा स्तम्भचित्र बनाउन लगाएर । | |

कक्षा ७

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | समूह | ▪ समुहका प्रकारहरू (खाली समूह, समतुल्य र बराबर समूह, सीमित तथा असीमित समूह)<br>▪ सर्वव्यापक समूह र उपसमूहहरू | ▪ खाली समूह, समतुल्य र बराबर समूह, सीमित तथा असीमित समूहहरू लेखिएका चार्टहरू प्रदर्शन गरी ती समूहहरूको परिचय सम्बन्धमा छलफल गराउने<br>▪ शिक्षकले फरक फरक समूहहरू प्रदर्शन गरी ती समूहबाट अन्य समूहहरू बनाउन लगाउने प्रदर्शन गरिएका र पछि बनाइएका समूहहरूको सम्बन्धको छलफलबाट सर्वव्यापक समुह र उपसमूहको परिचय बताउने । | ▪ दिएको समूहहरूबाट खाली समूह, समतुल्य र बराबर समूह, सीमित तथा असीमित समूह चिन्न लगाएर<br>▪ सर्वव्यापक समूह र उपसमूहहरू निर्माण गर्नेसम्बन्धी कक्षा कार्य गर्न लगाएर । | १० |
| २. | २.१. अङ्कगणित | २.१. वास्तविक सङ्ख्या<br>(क) पूर्ण सङ्ख्या<br>▪ वर्गसङ्ख्या र वर्गमूल (भाग विधि र खण्डीकरण विधिबाट)<br>▪ घनसङ्ख्या र घनमूल (रूढ खण्डीकरणबाट) | ▪ जियोबोर्ड, ग्राफ, मकैका दानाहरू, लप्सीका दानाहरू, पेन्सिलहरू आदिको प्रयोग गरी वर्गसङ्ख्या र वर्गमूलको धारणा छलफल गराउने<br>▪ रूढ खण्डीकरण र भाग विधिबाट वर्गमूल छलफल गराउने<br>▪ तीनओटा उस्ता उस्तै सङ्ख्याहरूलाई गुणन गर्न लगाएर घनसङ्ख्या र घनमूलको धारणा | ▪ कक्षाकार्यको अवलोकन गरेर<br>▪ खेलबिधिबाट जस्तै: विद्यार्थीलाई चउरमा वर्गाकार रूपमा उभिन लगाएर लम्बाइ र चौडाइबाट सङ्ख्या गन्ती गर्न लगाएर | १४ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | बिषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ महत्तम समापवर्तक र लघुत्तमसमापवर्त्य | छलफल गराउने<br>▪ रूढ खण्डीकरण विधिबाट घनमूल निकाल्न लगाउने<br>▪ तीनओटा सम्म सङ्ख्याहरूको रुढ खण्डीकरण र भाग विधिबाट महत्तम समापवर्तक र लघुत्तम समापवर्त्य निकाल्न लगाउने । | ▪ वर्गमूल र घनमूल निकाल्न लगाएर<br>▪ महत्तम समापवर्तक र लघुत्तम समापवर्त्य निकाल्न लगाएर । | |
| | | (ख) पूर्णाङ्क<br>▪ चार आधारभूत क्रिया प्रयोग गरी पूर्णाङ्कको सरलीकरण | ▪ सङ्ख्या रेखाको प्रयोग गरी पूर्णाङ्कको जोड, घटाउ, गुणन र भाग गर्न लगाउने<br>▪ क्विजनायर्स रड (Cuisonaire's rod) को प्रयोग गरी पूर्णाङ्कको जोडको र गुणनको गुण (properties) हरू छलफल गराउने<br>▪ गुणन तालिकाको प्रयोग गरेर आगमन विधिबाट गुणनका गुण (properties) हरू छलफल गराउने<br>▪ कुनै दुई क्रिया प्रयोग हुने पूर्णाङ्कसम्बन्धी साङ्ख्यिक तथा व्यावहारिक समस्याको समाधान गर्न लगाउने । | ▪ कक्षाकार्यको अवलोकन गरेर<br>▪ विद्यार्थीलाई समूहमा पूर्णाङ्कको जोडको गुण (properties) हरू र गुणनको गुण (properties) हरू लाई चार्ट बनाउने समूह कार्य दिएर तथा सङ्ख्या रेखाको प्रयोग गर्न लगाएर । | ४ |
| | | (ग) आनुपातिक सङ्ख्याहरू<br>▪ आनुपातिक सङ्ख्याहरू<br>▪ अन्त्य हुने र अन्त्य नहुने (पुनरावृत्ति हुने मात्र) दशमलव सङ्ख्यालाई भिन्नमा रुपान्तर | ▪ पूर्णाङ्कको भाग र दशमलव भिन्नको प्रयोग गरेर आनुपातिक सङ्ख्याको परिचय गराउने<br>▪ दशमलब सङ्ख्याहरूका आधारमा आनुपातिक सङ्ख्याहरू पहिचान गर्न लगाउने<br>▪ छलफल गराई अन्त्य हुने र अन्त्य नहुने (पुनरावृत्ति हुने मात्र) दशमलव सङ्ख्यालाई भिन्नमा रूपान्तर गर्न लगाउने । | ▪ विद्यार्थीलाई समूहमा विभाजन गरी तल दिइएका जस्ता प्रश्नहरूका उत्तर खोजी गरी कक्षाकोठामा प्रस्तुत गर्न लगाएर<br>(क) के सबै प्राकृतिक सङ्ख्या आनुपातिक सङ्ख्या हुन् ?<br>(ख) के सबै पूर्णाङ्क | ४ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | | आनुपातिक सङ्ख्या हुन् ?<br>(ग) के सबै दशमलव सङ्ख्याहरू आनुपातिक सङ्ख्याहरू हुन् ?<br>▪ अन्त्य हुने र अन्त्य नहुने (पुनरावृत्ति हुने मात्र) दशमलव सङ्ख्यालाई भिन्नमा रूपान्तर गर्न लगाएर । | |
| | | २.२. भिन्न र दशमलव<br>(क) भिन्न<br>▪ भिन्नको सरलीकरण<br>(ख) दशमलव<br>▪ दशमलवको सरलीकरण | ▪ भिन्नका व्यावहारिक समस्याहरूलाई समस्या समाधान विधिबाट छलफल गराएर समाधान गर्न लगाउने<br>▪ उदाहरणद्वारा समस्या समाधान विधिको प्रयोग गरी दशमलवका व्यावहारिक समस्याहरूको बारेमा छलफल गर्ने र त्यस्ता समस्याहरू समाधान गर्न लगाउने । | ▪ कक्षाकार्यको अवलोकन गरेर<br>▪ भिन्नका चार आधारभूत क्रियाहरू समावेश भएका व्यावहारिक समस्याहरू दिई सरल गर्न लगाएर<br>▪ दशमलवका चार आधारभूत क्रियाहरू समावेश भएका व्यावहारिक समस्याहरू दिई सरल गर्न लगाएर । | ८ |
| | | २.३. अनुपात र समानुपात<br>▪ अनुपात र समानुपातको पहिचान | ▪ भिन्नका मोडेलहरू प्रयोग गरेर अनुपातको धारणा विकास गर्ने ।<br>▪ दुई फरक रङ भएका ब्लकहरूको तुलनाबाट वा भिन्नसम्बन्धी चित्रहरूबाट अनुपात र समानुपातको परिचय गराउने<br>▪ समान एकाइ भएका मानहरूको अनुपात लेख्न लगाउने । | ▪ कक्षा कार्यको अवलोकन गरेर<br>▪ Ratio card देखाई अनुपात र समानुपात भन्न लगाएर<br>▪ समान एकाइ भएका मानहरूको अनुपात निकाल्न लगाएर । | ३ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | २.४. नाफा र नोक्सान<br>▪ प्रतिशत समावेश भएका नाफा र नोक्सानसम्बन्धी समस्याहरू | ▪ दैनिक जीवनमा प्रयोग भैराखेका व्यावहारिक समस्या प्रतिशतसमेत प्रयोग भएको (जस्तै पसलबाट सामान किन्दाका) उदाहरण प्रस्तुत गरी नाफा र नोक्सानसम्बन्धी सूत्रहरू निकाल्ने र त्यसको प्रयोग गरी यस सँग सम्बन्धित समस्या समाधान गर्न लगाउने | ▪ कक्षा कार्यको अवलोकन गरेर<br>▪ प्रतिशत समावेश भएका नाफा र नोक्सान समस्याहरूका समाधान गर्न लगाएर | ६ |
| | | २.५. ऐकिक नियम<br>▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरण (दुई ओटासम्म चल समावेश भएका) | ▪ व्यावहारिक उदाहरणहरू प्रस्तुत गरेर खोज विधि प्रयोग गरी प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरण भएका चरहरू पहिचान गराउने<br>▪ विचरणको नियम प्रयोगसम्बन्धी छलफल गराउने<br>▪ निर्देशित खोज विधि प्रयोग गरी प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरण भएका समस्या समाधान गराउने | ▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरण भएका चरहरूको सूची बनाउन लगाई विचरणसँग सम्बन्धित प्रश्नहरू समाधान गर्न लगाएर | ६ |
| ३. | क्षेत्रमिति | ३.१ परिमिति, क्षेत्रफल र आयतन<br>▪ वस्तुहरूको त्रिभुजाकार सतहको परिमिति<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल (सूत्र स्थापित र प्रयोग)<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल र आयतनसम्बन्धी समस्याहरू | ▪ वरपरका वस्तुहरूको त्रिभुजाकार सतहको तीनओटा किनाराहरूको लम्बाइ नापेर परिमिति पत्ता लगाउन लगाउने । षड्मुखा र घनको सतहको क्षेत्रफलको सम्बन्धमा छलफल गराई सूत्र निकाल्न लगाउने र सूत्रको प्रयोग गरी वरपरका षड्मुखाकार र घनाकार वस्तुहरूको सतहको क्षेत्रफल पत्ता लगाउन लगाउने<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल र आयतनसम्बन्धी समस्या समावेश भएका उदाहरणहरू प्रस्तुत गरी सोसम्बन्धी समस्या | ▪ व्यक्तिगत तथा समूह कार्यका आधारमा मूल्याङ्कन गरेर<br>▪ त्रिभुजको परिमितिसम्बन्धी समस्या समाधान गर्न लगाएर ।<br>▪ षड्मुखा र घनको सतहको क्षेत्रफल र आयतनसम्बन्धी समस्या समाधान गर्न लगाएर | २० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ वृत्तको परिधि र व्यासको सम्बन्ध स्थापित र प्रयोग | समाधान गर्न लगाउन<br>▪ धागोको प्रयोग गरी फरक फरक व्यास भएका बेलनाकार बट्टाको आधारको वृत्तको व्यास र वृत्ताकार आधार भएका वस्तुहरूलाई दुईओटा सिधा किनारा भएका वस्तुहरूका बिचमा राखी ती सिधा किनारा भएका वस्तुहरूको वृत्ताकार आधारले छोएका किनारासम्मको लम्बाइ पत्ता लगाई वा सिधा रेखामा गुडाउने जस्ता क्रियाकलाप गरी वृत्तको परिधि पत्ता लगाई वृत्तको परिधि र व्यासको सम्बन्धको खोजी गर्ने | ▪ वृत्तको परिधि र व्याससम्बन्धी व्यावहारिक समस्याहरू समाधान गर्न लगाएर । | |
| ४. | बीजगणित | ४.१. घाताङ्क<br>घाताङ्कका नियमहरू ($a^m \times a^n = a^{m+n}$, $a^m \div a^n = a^{m-n}$, $a^0 = 1$) प्रयोग गरी सरल | ▪ आगमन विधिबाट घाताङ्कका नियमहरू ($a^m \times a^n = a^{m+n}$, $a^m \div a^n = a^{m-n}$, $a^0 = 1$) पत्ता लगाउने र तत्सम्बन्धी सरल गराउने | ▪ घाताङ्कको सरल गर्नेसँग सम्बन्धित प्रश्नहरू समाधान गर्न लगाएर | ५ |
| | | ४.२. बीजीय अभिव्यञ्जक<br>▪ तीनपदीय सम्मको अभिव्यञ्जकलाई दुईपदीय सम्मको अभिव्यञ्जकले गुणन र भाग<br>▪ $(a \pm b)^2$ को सुत्र स्थापित र प्रयोग | ▪ बीजीय पत्तीहरूको प्रयोगबाट आयतको क्षेत्रफल निकाल्ने क्रियाकलापको छलफलबाट तीनपदीय सम्मको अभिव्यञ्जकलाई दुईपदीय सम्मले गुणन र भागको छलफल गराउने<br>▪ कागज काटेर वा अन्य विधिबाट $(a \pm b)^2$ को सूत्र स्थापित गर्ने र यसको प्रयोग गरी समस्या हल गर्न लगाउने<br>▪ प्रविधिको प्रयोग गरी बीजीय अभिव्यञ्जकहरूको गुणन र भागसम्बन्धी छलफल गराउने | ▪ अभिव्यञ्जकहरूको गुणन र भाग गर्न लगाएर<br>▪ $(a \pm b)^2$ का लाई ज्यामितीय तरिकाबाट प्रमाणित गर्न परियोजना कार्य गर्न लगाएर | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ४.३. समीकरण, असमानता र ग्राफ<br>▪ दुई चलयुक्त रेखीय समीकरणको लेखाचित्र<br>▪ असमानताको हल<br>▪ सङ्ख्या रेखामा असमानतालाई प्रस्तुतिकरण | ▪ छलफल र प्रश्नात्तर विधिको प्रयोग गरी दुई चलयुक्त रेखीय समीकरणसम्बन्धी व्यावहारिक शाब्दिक समस्याहरूलाई समीकरणमा लेख्न लगाउने<br>▪ प्रर्दशन विधिको प्रयोग गरी दुई चलयुक्त रेखीय समीकरणमा चल राशिहरूको सम्बन्ध निकाली रेखामा पर्ने बिन्दुहरू पत्ता लगाई लेखाचित्र खिच्न लगाउने<br>▪ विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी प्रत्येक समूहलाई असमानतासम्बन्धी फरक फरक समस्या दिएर सङ्ख्यारेखामा प्रस्तुत गर्न लगाउने । | ▪ समीकरण र असमानतासँग सम्बन्धित सामान्य समस्याहरू हल गर्ने र अवलोकन गरेर<br>▪ समीकरण र असमानता सम्बन्धित शाब्दिक समस्याहरू भएको परियोजना कार्य गर्न लगाएर<br>▪ दुई चलयुक्त रेखीय समीकरणको लेखाचित्र खिच्न लगाएर । | १५ |
| ५. | ज्यामिति | ५.१. रेखा र कोणहरू<br>▪ कम्पासको प्रयोगद्वारा कोणहरूको रचना (15°, 75°, 90°, 105°, 135°, 150°)<br>▪ दिइएको कोणसँग बराबर हुने कोणको रचना (कम्पासको प्रयोगबाट)<br>▪ जोडा कोणहरूको परिचय<br>– आसन्न कोणहरू<br>– शीर्षाभिमुख कोणहरू<br>– समपूरक कोणहरू<br>– परिपूरक कोणहरू | ▪ कम्पासको प्रयोगद्वारा (15°, 75°, 90°, 105°,135°, 150°) का कोणरुको रचना गर्ने कियाकलापहरू गराउने<br>▪ कम्पासको प्रयोग गरी दिइएको कोणसँग बराबर हुने गरी कोण खिच्ने क्रियाकलापहरू गराउने<br>▪ कागज पट्याएर वा दुई रेखाहरू प्रतिच्छेदन हुँदा बनेका कोणहरूमा छलफल गरी जोडा कोणहरू पहिचान गर्न लगाउने<br>▪ सम्भव भएसम्म डिजिटल अन्तरक्रियात्मक सामग्रीहरूको प्रयोग गरी जोडा कोणहरूको छलफल गराउने ।<br>▪ सहयोगात्मक सिकाइका रणनीतिहरू प्रयोग गरी कोणहरूसम्बन्धी दिइएका तथ्यहरूलाई | ▪ कम्पासको प्रयोग गरी विभिन्न कोणहरू रचना गर्न लगाएर<br>▪ विद्यार्थीका कक्षा कार्य तथा समूह कार्यको अवलोकन गरेर<br>▪ जोडा कोणहरूसम्बन्धी समस्याहरू समाधान गर्न लगाएर | १३ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | बिषयवस्तुको बिस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
| --- | --- | --- | --- | --- | --- |
| | | ▪ निम्नलिखित प्रयोगात्मक तथ्यहरूको परीक्षण :<br>– शीर्षाभिमुख कोणहरू बराबर हुन्छन्<br>– एउटा सिधा रेखाले अर्को सिधा रेखासँग बनाएका आसन्न कोणहरूको योगफल 180° हुन्छ ।<br>– सिधा रेखाको कुनै बिन्दुमा एकैतिर रहेका भित्री कोणहरूको योगफल 180° हुन्छ ।<br>– कुनै बिन्दुको वरिपरि एक परिक्रमणमा बनेका कोणहरूको योगफल 360° हुन्छ । | प्रयोगात्मक विधिबाट परीक्षण गर्न लगाउने | | |
| | | ५.२ समतलीय आकृतिहरू<br>▪ त्रिभुजको रचना<br>– दुई भुजा र तिनीहरू बिचको कोण दिइएमा<br>– कुनै एउटा भुजा र त्यसमा बनेका दुई कोण दिइएमा<br>– तीनओटै भुजा | ▪ कम्पास र रुलरको प्रयोग गरी दिइएका अवस्थाका आधारमा त्रिभुजहरूको रचना गराउने<br>▪ समानान्तर चतुर्भुज, वर्ग र आयतका चित्रहरूबाट तिनीहरूका कोणहरू तथा भुजाहरू अलग अलग नापेर नापका आधारमा गुणहरूको खोजी गरी निष्कर्ष पत्ता लगाउन लगाउने | ▪ त्रिभुजको रचना गर्न लगाएर, जस्तै, तीनओटै भुजा AB = 5cm, BC = 6cm AC = 6cm भएको त्रिभुज<br>▪ समानान्तर चतुर्भुज, आयत तथा वर्गका गुणहरू खोजी गर्नेसम्बन्धी समूह कार्यको | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | दिइएमा<br>▪ दिइएका समानान्तर चतुर्भुज, आयत र वर्गका अवलोकनबाट गुणहरूको खोजी र परीक्षण<br>▪ पाइथागोरस साध्य र सोको प्रयोग | ▪ सहयोगात्मक सिकाइका रणनीतिहरू प्रयोग गरेर समानान्तर चतुर्भुज, वर्ग र आयतका गुणहरूको खोजी र परीक्षण गराउने<br>▪ जियोबोर्ड, ग्राफबोर्ड तथा डिजीटल एप्सको प्रयोगबाट पाइथागोरस साध्यको पुष्टि गर्न लगाउने | अवलोकन गरेर<br>▪ पाइथागोरस साध्यअनुसार समकोण त्रिभुजका आधार, लम्ब र कर्णको सम्बन्ध स्थापित गर्न लगाएर । | |
| | | ५.३ अनुरूपता<br>▪ अनुरूप आकृतिहरूको चिनारी | ▪ सबै विद्यार्थीलाई एक एकओटा त्रिभुज वा आयत वा वर्ग दिने र आफ्नो आकारसँग बराबर र उस्तै अर्को आकृति खोजी गरी तिनीहरूको सम्बन्ध खोज्न लगाउने<br>▪ गणितीय अन्तरक्रियात्मक एप्सहरूको प्रयोग गरी धारणाको विकास गराउने | ▪ जोडा त्रिभुजहरूका सम्बन्धित भागहरूको नापबाट अनुरूप छुट्याउन लगाएर । | २ |
| | | ५.४ ठोस वस्तुहरू<br>▪ टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोक्रा नमुना<br>▪ टेट्राहेड्रन, घन, अक्टाहेड्रन, डोडेकाहेड्रन र आइकोसाहेड्रनको किनारा, सतह र कुनाको सम्बन्ध | ▪ सिन्का, आलुका टुक्राहरू, गहुँका छ्वाली, जुसपाइप, डट्पेनका खाली रिफिलहरू, तार आदि प्रयोग गरेर टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोक्रा नमुना निर्माण गर्ने क्रियाकलापहरू समूहमा गराउने ।<br>▪ समूहमा टेट्राहेड्रन, घन, अक्टाहेड्रन, डोडेकाहेड्रन र आइकोसाहेड्रन प्रदान गरेर तिनीहरूका किनारा, सतह तथा कुनाहरूका आधारमा तिनीहरूको सम्बन्ध खोज्ने क्रियाकलापहरू गराउने<br>▪ गणितीय अन्तरक्रियात्मक एप्सहरूको प्रयोग गरी धारणाको विकास गराउने | ▪ टेट्राहेड्रन, अक्टाहेड्रन, सोली र बेलनाका खोक्रा नमुना निर्माण गर्ने परियोजना कार्य गराएर | ६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ५.५. निर्देशाङ्कहरू<br>▪ लेखाचित्रमा बिन्दुको निर्देशाङ्क र अङ्कन<br>▪ (अक्षहरूसँग समानान्तर हुने रेखामा पर्ने दुई बिन्दुबिचको दुरी | ▪ ग्राफबोर्डको प्रयोग गरी बिन्दुको निर्देशाङ्क पत्ता लगाउन तथा बिन्दुलाई लेखाचित्रमा अङ्कन गर्न लगाउने<br>▪ प्रदर्शन विधिबाट लेखाचित्रमा दुवै बिन्दु ठाडो वा दुवै बिन्दु तेस्रो रेखामा पनि हुन सक्ने तथा अक्षहरूसँग समानान्तर हुने दुई बिन्दुबिचको दुरी पत्ता लगाउने | ▪ बिन्दुको निर्देशाङ्क दिई लेखाचित्रमा अङ्कन गर्न लगाएर<br>▪ प्रश्नोत्तर विधिबाट लेखाचित्रमा अक्षहरूसँग समानान्तर हुने रेखामा पर्ने दुई बिन्दुबिचको दुरी निकाल्न लगाएर | ५ |
| | | ५.६. सममिति र टेसेलेसन<br>▪ रेखीय र बिन्दु सममितीय चित्रहरू<br>▪ त्रिभुजको प्रयोगबाट टेसेलेसन | ▪ विभिन्न सममिति चित्रहरूबाट रेखीय र बिन्दु सममितिसम्बन्धी पोस्टर, चित्र, फोटाहरू प्रदर्शन गरी छुट्टा छुट्टै रूपमा रेखीय र बिन्दु सममिति चार्ट बनाउन लगाउने<br>▪ सममितीय चित्रहरूको आधा भागहरू दिएर चित्र पूरा गर्न लगाउने<br>▪ फरक फरक रङ्गका कागजलाई त्रिभुजाकार टुक्राहरू बनाउन लगाई चार्ट पेपरमा खाली ठाउँ नहुने गरी टाँस्न लगाउने तथा ग्राफमा त्रिभुजका ढाँचामा आधारित टेसेलेसन तयार पार्न लगाउने | ▪ सममिति चित्रबाट रेखीय र बिन्दु सममितीय चित्र छुट्याउन लगाएर<br>▪ त्रिभुजको प्रयोग गरी टेसेलेसन तयार पार्न लगाई सूचना पाटीमा टाँस्न लगाएर | ४ |
| | | ५.७. स्थानान्तरण<br>▪ स्थानान्तरणको परिचय<br>▪ लेखाचित्रमा परावर्तन (बिन्दु र रेखा)<br>▪ X- अक्ष (+) वा Y- अक्ष (+) मा बिन्दु र रेखाको | ▪ ऐना, टर्चलाइट, कागज फोल्डिङ, परावर्तन भएका चित्र वा फोटोहरूको प्रयोगबाट प्रत्यक्षीकरण गरी स्थानान्तरणको परिचय दिने ।<br>▪ डिजिटल वा भौतिक सामग्रीको प्रयोग गरेर लेखाचित्रमा X-अक्ष र Y- अक्ष हुने बिन्दु र | ▪ लेखाचित्रमा x-axis र y-axis हुने बिन्दु र रेखाको परावर्तन, ठाडो र तेस्रो रेखामा हुने बिन्दु र रेखाको विस्थापनसम्बन्धी परियोजना कार्य गरी सूचना पाटीमा | ५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | विस्थापन | रेखाको परावर्तन, ठाडो र तेस्रो रेखामा हुने बिन्दु र रेखाको विस्थापनसम्बन्धी प्रदर्शन र छलफल गर्ने गराउने | टाँस्न लगाएर | |
| | | ५.८. दिशा स्थिति र स्केल ड्रइङ<br>▪ दिशा स्थिति र स्केल ड्रइङको परिचय<br>▪ दिशास्थितिको प्रयोग<br>▪ नक्सा र दिशा | ▪ X- अक्ष र Y- अक्षहरूको प्रतिच्छेदनबाट चारओटै दिशाको पहिचान गराउने ।<br>▪ प्रदर्शन विधिबाट नक्साको प्रयोग गरी दिशाको छलफल गराउने ।<br>▪ दिशा र दिशास्थितिको प्रयोग सम्बन्धमा छलफल गराई प्रयोगका क्षेत्र पत्ता लगाउन लगाउने । | ▪ नक्सामा दिशा प्रयोग गर्ने कार्य दिएर | ५ |
| ६. | तथ्याङ्कशास्त्र | ▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कबाट रेखा लेखाचित्र बनाउन<br>▪ रेखाचित्र (line graph) बाट जानकारी लिन दिन<br>▪ तथ्याङ्कबाट तीनओटा सम्म तथ्यको बहुस्तम्भचित्र निर्माण गर्न | ▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कबाट रेखाचित्र (line graph) बनाउने र बनाउन लगाउने क्रियाकलाप गर्ने<br>▪ दिइएको वा निर्माण गरिएको रेखाचित्र (line graph) बाट वस्तु र मूल्यसम्बन्धी सूचना लिने वा दिने क्रियाकलाप गर्ने<br>▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कबाट तीनओटा सम्म तथ्यको बहुस्तम्भचित्र निर्माण गरी प्रदर्शन र छलफल गर्ने । | ▪ रेखाचित्र (line graph) निर्माण गर्न कक्षा कार्य र गृहकार्य दिएर<br>▪ तीन ओटासम्म तथ्यको बहुस्तम्भचित्र निर्माण गर्न कक्षाकार्य र गृहकार्य दिएर । | १० |

कक्षा ८

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | समूह | १.१. समूह<br>▪ अलग्गिएका र खप्टिएका समूहहरू<br>▪ उपयुक्त र अनुपयुक्त उपसमूहहरू | ▪ विभिन्न किसिमका भेनचित्रहरू प्रदर्शन गरी समूह अलग्गिएका र खप्टिएका समूहहरू छुट्याउन लगाउने<br>▪ दिइएको वा सङ्कलित वस्तुहरूबाट बनाइएका समूहबाट उपयुक्त र अनुपयुक्त उपसमूहहरू निर्माण गर्न लगाइ ती समूहहरूलाई भेन चित्रमा प्रस्तुत गर्न लगाउने ।<br>▪ परियोजना कार्यबाट आफ्नो विद्यालय तथा घर वरपर संकलित वस्तुहरूको विभिन्न समूहबाट उपयुक्त र अनुपयुक्त उपसमुहहरूको निर्माण गरी ती समूहहरूको भेनचित्र बनाई कक्षामा प्रस्तुत गर्न लगाउने । | ▪ दिइएको वा सङ्कलित वस्तुहरूको समूहबाट उपयुक्त र अनुपयुक्त उपसमूहहरू निर्माण गर्न लगाइ ती समूहहरूलाई भेन चित्रमा प्रस्तुत गर्न लगाएर<br>▪ प्रतिवेदन प्रस्तुत गर्न लगाएर । | १० |
| २. | अङ्कगणित | २.१. वास्तविक सङ्ख्या<br>(क) सङ्ख्या पद्धति<br>▪ दशमलव सङ्ख्या पद्धति, द्विआधार सङ्ख्या पद्धति र पञ्चआधार सङ्ख्या पद्धतिको एक आपसमा रूपान्तरण | ▪ पाँच भन्दा साना पूर्ण सङ्ख्याहरूको समूहबाट द्विआधार र पञ्चआधार सङ्ख्या पद्धतिको परिचय दिने<br>▪ पञ्चआधार र द्विआधारको स्थानमान तालिकाका साथै घाताङ्कको नियमको चार्ट प्रर्दशन र छलफल गरी यी पद्धतिहरूलाई दशमलव सङ्ख्या पद्धतिमा रूपान्तरण गर्न लगाउने । दशमलव सङ्ख्यालाई क्रमशः २ र ५ ले भाग गरेर शेषलाई तलबाट माथितिर राख्न लगाई द्विआधार सङ्ख्या पद्धति र पञ्चआधार | ▪ विभिन्न सङ्ख्याहरू दिएर यसबाट पञ्चआधार, द्विआधार र दशमलव सङ्ख्या छुट्याउन लगाएर<br>▪ दशमलव सङ्ख्याहरूलाई पञ्चआधार र द्विआधार सङ्ख्या पद्धतिमा रूपान्तर गर्न लगाएर<br>▪ पञ्चआधार र द्विआधार सङ्ख्यालाई दशमलव | ५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | सङ्ख्या पद्धतिमा रूपान्तरण गर्न लगाउने । | सङ्ख्यामा रूपान्तर गर्न लगाएर । | |
| | | (ख) अनानुपातिक सङ्ख्याहरू<br>▪ अनानुपातिक सङ्ख्याहरू<br>▪ अनानुपातिक सङ्ख्यालाई सङ्ख्या रेखामा प्रस्तुत ($\sqrt{2}$)<br>▪ आनुपातिक र अनानुपातिक सङ्ख्याको सम्बन्ध<br>▪ सङ्ख्याको वैज्ञानिक सङ्केत | ▪ पुनरावृत्ति हुने र नहुने दशमलव सङ्ख्याबाट अनानुपातिक सङ्ख्याको धारणा विकास गराउने<br>▪ $\sqrt{2}$ लाई सङ्ख्यामा प्रस्तुत गर्न लगाउने<br>▪ आनुपातिक र अनानुपातिक सङ्ख्याहरूबिच तुलना गर्न लगाई सम्बन्ध खोजी गर्न लगाउने ।<br>▪ घाताङ्कको नियम चार्ट र दशमलव भिन्नको प्रयोगबाट सङ्ख्याहरूलाई वैज्ञानिक सङ्केतमा र वैज्ञानिक सङ्केतहरूलाई दशमलव सङ्ख्यामा लेख्न अभ्यास गराउने । | ▪ विभिन्न वास्तविक सङ्ख्याहरूबाट आनुपातिक र अनानुपातिक सङ्ख्याहरू छुट्याउन लगाएर<br>▪ सङ्ख्याहरूलाई वैज्ञानिक सङ्केतमा लेख्न लगाएर<br>▪ वैज्ञानिक सङ्केतलाई दशमलव सङ्ख्यामा लेख्न लगाएर । | १२ |
| | | २.३. अनुपात र समानुपात<br>▪ अनुपात र समानुपातका समस्याहरू | ▪ समूहमा छलफल गराई अनुपातसम्बन्धी समस्याहरू समाधान गर्न लगाउने<br>▪ दिइएका अनुपातहरूको तुलना गरी समानुपातमा भएको वा नभएको जाँच्न लगाउने<br>▪ निर्देशित खोज विधिबाट समानुपातमा भएका चार सङ्ख्यामध्ये तीनओटाबाट चौथोको मान निकाल्न लगाउने<br>▪ समूहमा छलफल गराई समानुपातसम्बन्धी समस्याहरू समाधान गर्न लगाउने । | ▪ अनुपातसम्बन्धी समस्याहरू समाधान गर्न लगाएर<br>▪ समानुपातसम्बन्धी समस्याहरूको हल गर्न लगाएर । | ६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | २.४. नाफा र नोक्सान<br>▪ छुट प्रतिशत समावेश भएका नाफा र नोक्सानसम्बन्धी समस्याहरू | ▪ बजारको भ्रमण गराई छुटको बारेमा छलफल गराउने (अथवा बजारको अनुभव छलफल गराउने)<br>▪ नाफा, नोक्सान र छुट तथा तिनका प्रतिशतसमेत समावेश भएका समस्यालाई समूहमा छलफल गराई समाधान गराउने । | ▪ छुट प्रतिशत समावेश भएका नाफा र नोक्सानसम्बन्धी समस्याहरूको कक्षा कार्य र गृहकार्य गर्न लगाएर | ६ |
| | | २.५. ऐकिक नियम<br>▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरण (तीनओटासम्म चर समावेश भएका) | ▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरणका दैनिक जीवनमा प्रयोग हुने क्रियाकलापहरूको उदाहरणबाट तीनओटा चर (जस्तैः काम, दिन र सङ्ख्या) का समस्यासँग परिचित गराई विचरणको नियमबाट समस्या समाधान गर्न लगाउने | ▪ प्रत्यक्ष विचरण र अप्रत्यक्ष विचरणको प्रयोग गर्ने समस्या समाधान गर्न लगाएर | ८ |
| | | २.६. साधारण ब्याज<br>▪ साधारण ब्याज | ▪ स्थानीय रूपमा गरिने ऋण कारोबार तथा वित्तीय संस्थाको भ्रमणबाट छलफल गरी साँवा, ब्याज, समय ब्याजदर र मिश्रधनसम्बन्धी धारणाको विकास गराउने ऐकिक नियमको प्रयोग गरी तिनीहरूको सम्बन्ध स्थापित गर्ने<br>▪ बैङ्कं तथा व्यक्तिबाट लिइने ऋणका उदाहरण प्रस्तुत गरी साधारण ब्याजसम्बन्धी व्यावहारिक समस्याको समाधान गर्न लगाउने । | ▪ ऐकिक नियम तथा सूत्रको प्रयोग गरी साधारण ब्याजसम्बन्धी समस्या समाधान गर्न लगाएर । | ८ |
| ३. | क्षेत्रमिति | ३.१, क्षेत्रफल र आयतन<br>▪ त्रिभुजको क्षेत्रफल (समकोणी, समद्विबाहु र समबाहु त्रिभुज समेतको क्षेत्रफल) | ▪ विभिन्न त्रिभुज र चतुर्भुजको क्षेत्रफल पत्ता लगाउने सूत्रका सम्बन्धमा छलफल गरी सूत्र स्थापित गर्न लगाउने र वरपरका वस्तुहरूको त्रिभुजाकार र चतुर्भुजाकार | ▪ प्रश्नोत्तर तथा व्यक्तिगत र समूह कार्यका आधारमा मूल्याङ्कन गर्ने | १५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ समानान्तर, समलम्ब र समबाहु चर्तुभुजको क्षेत्रफल (सुत्र स्थापित र प्रयोग)<br>▪ वृत्तको क्षेत्रफल (सुत्र स्थापित र प्रयोग) | सतहको क्षेत्रफल निकाल्न लगाउने<br>▪ वृत्तको क्षेत्रफल पत्ता लगाउने विभिन्न फरक फरक क्रियाकलापहरू गराई गणितीय समस्याहरू सामाधानका क्रियाकलापहरू गराउने | ▪ त्रिभुज र चतुर्भुजको क्षेत्रफलसम्बन्धी समस्या समाधान गर्न लगाएर<br>▪ वृत्तको क्षेत्रफलसम्बन्धी व्यावहारिक समस्याहरू समाधान गर्न लगाएर | |
| ४. | बीजगणित | ४.१. घाताङक घाताङ्कका नियम ($a^m \times a^n = a^{m+n}$, $a^m \div a^n = a^{m-n}$, $a^0 = 1$, $(ab)^m = a^mb^m$, $(\frac{a}{b})^m = \frac{a^m}{b^m}$, $a^{-m} = \frac{1}{a^m}$) प्रयोग गरी सरलीकरण | ▪ आगमन विधिबाट घाताङ्कका नियम ($a^m \times a^n = a^{m+n}$, $a^m \div a^n = a^{m-n}$, $a^0 = 1$, $(ab)^m = a^mb^m$, $(\frac{a}{b})^m = \frac{a^m}{b^m}$, $a^{-m} = \frac{1}{a^m}$) पत्ता लगाउने र तत्सम्बन्धी सरल गराउने | ▪ घाताङ्कका नियमहरूको सूची बनाउन लगाएर<br>▪ घाताङ्कका नियम प्रयोग भएका सरलीकरणको कक्षाकार्य र गृहकार्य गर्न लगाएर | ५ |
| | | ४.२. अभिव्यञ्जक<br>▪ खण्डीकरण<br>– साझा गुणनखण्ड लिएर<br>– पद एकत्रित गरेर<br>– $a^2 - b^2$ स्वरूपको<br>– पूर्ण वर्ग हुने<br>– $ax^2 + bx + c$ स्वरूपको<br>▪ खण्डीकरण बिधिबाट दुईओटा अभिव्यञ्जकसम्मको महत्तम समापवर्तक (Highest Common Factor) र लघुत्तम समापवर्त्य (Lowest Common Multiple) | ▪ बीजीय पत्तिहरू को प्रयोग गरी साझा गुणनखण्ड लिएर पद एकत्रित गरेर, $a^2 - b^2$ स्वरूपको, पूर्ण वर्ग हुने र $ax^2 + bx + c$ स्वरूपको खण्डीकरणसम्बन्धी छलफल गराउने<br>▪ फरक समूहलाई फरक अभिव्यञ्जकहरू दिएर तिनीहरूको साझा गुणन खण्ड पत्ता लगाउने क्रियाकलाप गराउने<br>▪ भेन चित्रको माध्यमबाट महत्तम समापवर्तक (Highest Common Factor) र लघुत्तम समापवर्त्य (Lowest Common Multiple) निकाल्ने अभ्यास गराउने<br>▪ अङ्कगणितीय भिन्नको धारणा प्रयोग गरी दुईओटा सम्मका बीजीय भिन्नको परिचय | ▪ कक्षाकार्य र समूहकार्यको अवलोकन गरेर<br>▪ अभिव्यञ्जकहरूको खण्डीकरण, महत्तम समापवर्तक (Highest Common Factor) र लघुत्तम समापवर्त्य (Lowest Common Multiple) पत्ता लगाउन र बीजीय भिन्नको सरल गर्न लगाएर | १५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ बीजीय भिन्नको परिचय<br>▪ दुईओटा सम्म बीजीय भिन्नको सरलीकरण | दिने र यसको सरलीकरण गराउने | | |
| | | ४.३. समीकरण र ग्राफ<br>▪ लेखाचित्र विधिबाट दुई चलयुक्त युगपतरेखीय समीकरणको हल<br>▪ खण्डीकरण विधिबाट वर्ग समीकरणको हल | ▪ प्रर्दशन विधि र लेखाचित्र विधिको प्रयोग गरी दुई चलयुक्त युगपत रेखीय समीकरण हल गर्न लगाउने<br>▪ विद्यार्थीका समूहमा दिइएका समीकरणहरूको पदका डिग्री पत्ता लगाउने र यसको छलफलका आधारमा वर्ग समीकरणको परिचय दिने<br>▪ खण्डीकरण विधिबाट वर्ग समीकरण हल गर्न लगाउने ।<br>▪ डिजिटल एप्सको प्रयोगबाट समीकरणहरूको हल गराउने । | ▪ ग्राफमा दुई चलयुक्त युगपत रेखीय समीकरणको हल गर्ने परियोजना कार्य गर्न लगाएर ।<br>▪ वर्ग समीकरण हल गर्ने कक्षाकार्य र गृहकार्य गर्न लगाएर । | १० |
| ५. | ज्यामिति | ५.१. रेखा र कोणहरू दुईओटा सरल रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरू (एकान्तर कोणहरू, संगत कोणहरू र क्रमागत भित्रीकोणहरू)<br>▪ दुईओटा समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरू सम्बन्धको खोजी<br>– एकान्तर कोणहरू<br>– क्रमागत भित्री कोणहरू | ▪ प्राकृतिक तथा भौतिक निर्माणमा रहेका दुई सरल रेखा र छेदक भएका अवस्थाहरूको खोजी गर्न लगाउने ।<br>▪ समूहमा छलफल गराई दुईओटा सिधा रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरूको सूची तयार पार्न लगाउने<br>▪ दुईओटा सिधा रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरूमा तलका गुणहरू भएका कोणहरू पहिचान गर्न लगाउने<br>– छेदकको एकैतिर परेका भित्री अनासन्न कोणहरू<br>– छेदकको दुवैतिर परेका भित्री अनासन्न | ▪ दुईओटा सिधा तथा समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने विभिन्न जोडा कोणहरूसम्बन्धी समस्याहरू समाधान गर्न लगाएर | ६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | – सङ्गत कोणहरू | कोणहरू<br>– छेदकको एकैतिर परेका एउटा बाहिरी र अर्को भित्री अनासन्न कोणहरू<br>▪ दुईओटा समानान्तर रेखाहरूलाई एउटा छेदकले काट्दा बन्ने कोणहरू सम्बन्धको खोजी गर्न लगाउने<br>▪ सम्भव भएसम्म गणितीय अन्तरक्रियात्मक एप्सहरूको प्रयोग गरी कोणहरूको सम्बन्धको प्रदर्शन गरी तिनीहरू सम्बन्धको धारणा विकास गराउने | | |
| | | ५.२ समतलीय आकृतिहरू<br>▪ त्रिभुजका गुणहरूको खोजी गरी परीक्षण<br>– त्रिभुजका कोणहरूको योगफल 180° हुन्छ ।<br>– समबाहु त्रिभुजका सबै कोणहरू बराबर हुन्छन् ।<br>– समद्विबाहु त्रिभुजका आधारका कोणहरू बराबर हुन्छन्<br>– समकोणी समद्विबाहु त्रिभुजका प्रत्येक आधार कोणहरू 45° हुन्छन्<br>▪ समबाहु चतुर्भुज, समलम्ब चतुर्भुज र चङ्गाका गुणहरूको खोजी र परीक्षण<br>▪ दिइएको अवस्थामा वर्ग, आयत | ▪ विद्यार्थीका समूहहरू निर्माण गरी प्रत्येक समूहले फरक फरक त्रिभुजहरू निर्माण गरेर तिनीहरूका गुणहरूको प्रयोगात्मक परीक्षण गर्न लगाउने<br>▪ समबाहु चतुर्भुज, समलम्ब चतुर्भुज र चङ्गाका गुणहरूको खोजी गर्नका लागि फरक फरक समूहहरूलाई फरक फरक चतुर्भुजहरू उपलब्ध गराएर भुजाहरू तथा कोणहरू नाप्न लगाइ गुणहरू खोजी गर्ने क्रियाकलापहरू गराउने<br>▪ प्रदर्शन विधिबाट आयत, वर्ग र समानान्तर चतुर्भुजको रचना गराउने<br>▪ बहुभुजहरूका चित्रहरूको अवलोकन गराएर समूहमा छलफल गराई भुजाहरूको सङ्ख्याको आधारमा तिनीहरूको नाम अनुमान गर्ने क्रियाकलापहरू गराउने | ▪ त्रिभुजका गुणहरूको प्रयोग गरी सम्बन्धित समस्याहरू समाधान गर्न लगाएर<br>▪ समबाहु चतुर्भुज, समलम्ब चतुर्भुज र चङ्गाका गुणहरूको प्रयोग गरी चतुर्भुजसम्बन्धी समस्याहरू समाधान गर्न लगाएर<br>▪ आयत, वर्ग र समानान्तर चतुर्भुजको रचना गर्न लगाएर<br>▪ बहुभुजहरूको भित्री तथा बाहिरी कोणहरू पत्ता | १४ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | र समानान्तर चतुर्भुजको रचना गर्न (कम्पासको प्रयोगबाट)<br>– आयत (आसन्न भुजा दिइएमा)<br>– वर्ग (एउटा भुजा दिइएमा)<br>– समानान्तर चर्तुभुज (आसन्न भुजाहरू र तिनीहरू बिचको कोणको नाप दिइएमा, आसन्न भुजाहरू र एउटा विकर्णको नाप दिइएमा, एउटा भुजा र एउटा विकर्णको नाप र तिनीहरू बिचको कोणको नाप दिइएमा)<br>▪ बहुभुजको परिचय र नियमित बहुभुजको भित्री तथा बाहिरी कोणहरूको नाप र तिनीहरूको सम्बन्ध स्थापित | ▪ विद्यार्थीका समूहहरूलाई एक एकओटा फरक फरक बहुभुजहरू प्रदान गरेर भित्री कोणहरूको योगफल पत्ता लगाई समूह कार्यलाई कक्षामा प्रस्तुत गर्ने क्रियाकलापहरू गराउने<br>▪ आगमन विधिबाट नियमित बहुभुजको भित्री तथा बाहिरी कोणहरूको नाप पत्ता लगाउन लगाउन ।<br>▪ विभिन्न नियमित बहुभुजहरू (त्रिभुज, वर्ग, पञ्चभुज, षड्भुज) को चित्र दिई बाहिरी कोण र भित्री कोणको नाप पत्ता लगाउन लगाएर भुजाको सङ्ख्याको आधारमा ती कोणहरूको सम्बन्ध स्थापित गराउने । | लगाउने समस्याहरू समाधान गर्न लगाएर । | |
| | | ५.३ अनुरूपता र समरूपता<br>▪ त्रिभुजहरू अनुरूप हुने अवस्थाहरूको परीक्षण<br>▪ अनुरूप त्रिभुजसम्बन्धी समस्याहरू<br>▪ समरूप आकृतिहरूको चिनारी | ▪ समूहमा जोडा अनुरूप त्रिभुजहरू दिई तिनीहरूका भागहरूको नाप र अवलोकनबाट अनुरूप हुने अवस्थाहरू परीक्षण गराउने ।<br>▪ अनुरूप त्रिभुजहरूको गुणहरूका आधारमा तिनिहरूका विभिन्न भागहरूको मान पत्ता लगाउने क्रियाकलापहरू गराउने<br>▪ सबै विद्यार्थीलाई एक एकओटा त्रिभुज वा आयत वा वर्ग दिने र आफ्नो आकारसँग | ▪ अनुरूप त्रिभुजहरूको गुणहरूको आधारमा तिनीहरूका विभिन्न भागहरूको मान पत्ता लगाउने समस्याहरू समाधान गर्न लगाएर<br>▪ जोडा त्रिभुजहरूका सम्बन्धित भागहरूको नापबाट समरूप | ५ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | उस्तै अर्को आकृति भएको साथी खोजी गरी जोडीमा तिनीहरूको सम्बन्ध खोज्न लगाउने | छुट्याउन लगाएर | |
| | | ५.४ ठोस वस्तुहरू<br>▪ त्रिभुजाकार प्रिज्म र पिरामिडबिचको सम्बन्ध (आधार, शिर्षबिन्दु, सतह आदिको आधारमा) सहित चिनारी<br>▪ घन, षड्मुखा, टेट्राहेड्रन, सोली र बेलनाका जालीहरू | ▪ सिन्काहरू तथा जुस पाइपहरू प्रयोगबाट तयार गरिएका नमुनाहरू प्रयोग गरी त्रिभुजाकार प्रिज्म र पिरामिडको परिचय गराउने<br>▪ कागजको प्रयोग गरी विभिन्न घन, षड्मुखा, टेट्राहेड्रन, सोली र बेलनाकार ठोस आकृतिहरूबाट तिनीहरूका जालीहरू बनाउन लगाउने | ▪ ठोस वस्तहरू, सिन्काहरू, तथा जुस पाइपहरू प्रयोगबाट तयार गरिएका नमुनाहरू प्रयोग गरी त्रिभुजाकार प्रिज्म र पिरामिडका खोक्रा नमुनाहरू तथा जालीहरू बनाउन लगाएर | ५ |
| | | ५.५. निर्देशाङ्कहरू<br>▪ पाइथागोरस साध्यको प्रयोग गरी दुई बिन्दुबिचको दुरी | ▪ पाइथागोरस साध्यको प्रयोग गरी दुई बिन्दु बिचको दुरी निकाल्ने सूत्र र हिसाब समस्या समाधान विधिबाट गर्ने | ▪ पाइथागोरस साध्यको प्रयोग गरी दुई बिन्दुबिचको दुरी निकाल्न कक्षाकार्य र गृहकार्य गर्न लगाएर | ५ |
| | | ५.६. सममिति र टेसेलेसन<br>▪ बहुभुजका प्रयोगबाट नियमित र अर्धनियमित टेसेलेसन | ▪ समबाहु त्रिभुज, वर्ग र नियमित षडभुजका ढाँचामा आधारित नियमित र अर्धनियमित टेसेलेसन तयार पारेर देखाउने र विद्यार्थीलाई पनि टेसेलेसन बनाउन लगाउने | ▪ समबाहु त्रिभुज, वर्ग र नियमित षडभुजका ढाँचामा आधारित टेसेलेसन तयार पार्न परियोजना कार्य गर्न लगाएर | ५ |
| | | ५.७. स्थानान्तरण<br>▪ लेखाचित्रमा X- अक्ष र Y- | ▪ डिजिटल वा भौतिक सामग्री (Digital or Physical tool) को प्रयोग गरेर | ▪ निर्देशाङ्क दिएर बिन्दु र रेखाको दायाँ र माथि | ६ |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | अक्षमा परावर्तन (त्रिभुज)<br>▪ X-axis (+) वा Y-axis (+) मा दाँया र माथि विस्थापन (बिन्दु र रेखा)<br>▪ उदगम बिन्दुका आधारमा धनात्मक र ऋणात्मक 90° मा परिक्रमण (बिन्दु, रेखा र त्रिभुज) | लेखाचित्रमा त्रिभुजको परावर्तन, निर्देशाङ्कको आधारमा बिन्दु र रेखाको दायाँ र माथि विस्थापन एवम् उदगम बिन्दुमा धनात्मक र ऋणात्मक 90° मा हुने बिन्दु, रेखा र त्रिभुजको परिक्रमण समस्या समाधान विधि र छलफल विधिबाट गर्ने | विस्थापन गर्न लगाएर<br>▪ लेखाचित्रमा त्रिभुजको परावर्तन, उदगम बिन्दुमा धनात्मक र ऋणात्मक 90° मा हुने बिन्दु, रेखा र त्रिभुजको परिक्रमणसम्बन्धी परियोजना कार्य गर्न लगाएर | |
| | | ५.८.दिशा स्थिति र स्केल ड्रइङ<br>▪ दिशा स्थिति र स्केल ड्रइङको प्रयोग | ▪ प्रदर्शन तथा खोज विधिबाट दिशास्थिति र स्केल ड्रइङको प्रयोगको छलफल गराउने | ▪ दिशास्थिति र स्केल ड्रइङको परियोजना कार्य गर्न लगाएर | ४ |
| ६. | तथ्याङ्कशास्त्र | ६.१. तथ्याङ्कशास्त्र<br>▪ वृत्तचित्रको अध्ययन र तथ्याङ्कबाट वृत्तचित्र निर्माण मध्यक, मध्यिका र रित (वैयक्तिक श्रेणी) | ▪ दिइएको वा सङ्कलन गरिएको तथ्याङ्कबाट वृत्तचित्र निर्माण गर्न लगाउने र समस्या समाधान गर्ने<br>▪ वृत्तचित्रबाट चारओटा सम्म वस्तुको जानकारी लिनेदिने सम्बन्धमा छलफल र समस्या समाधान गर्ने<br>▪ एउटा बेन्चमा बस्ने समूहमा सबैको उमेर जोडेर जम्मा विद्यार्थी सङ्ख्याले भाग गर्न लगाउने र प्राप्त नतिजाको बारेमा छलफल गराउने<br>▪ बिजोर सङ्ख्यामा विद्यार्थीहरूलाई कक्षामा अगाडि उचाइअनुसार उभिन लगाएर ठिक बिचमा पर्ने विद्यार्थीको उचाइको बारेमा छलफल गराउने | ▪ समूहमा वृत्तचित्र निर्माण गर्न लगाएर<br>▪ वैयक्तिक श्रेणीको मध्यक, मध्यिका र रित निकाल्ने कक्षाकार्य र गृहकार्य गर्न लगाएर । | १० |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | | ▪ जोर सङ्ख्यामा विद्यार्थीहरूलाई कक्षामा अगाडि उचाइअनुसार उभिन लगाएर ठिक बिचमा पर्ने विद्यार्थीको उचाइको बारेमा छलफल गराउने<br>▪ कक्षाका विद्यार्थीको उमेर टिपोट गर्न लगाउने र मिलान चिह्नको प्रयोगबाट सबैभन्दा बढी दोहोरिएको उमेर निकाल्न लगाउने<br>▪ वैयक्तिक श्रेणीको मध्यक, मध्यिका र रितसम्बन्धी समस्या समाधान गर्न लगाउने । | | |

## ५. प्रयोगात्मक/परियोजना कार्यका लागि सम्भावित क्रियाकलापहरू

**कक्षा ६**

| क्र.सं. | विषय क्षेत्र | सम्भावित प्रयोगात्मक/परियोजना कार्य |
|---|---|---|
| १. | समूह | १. तपाईँको घरमा भएका सामानहरूको सूची बनाउनुहोस् । समान गुणका आधारमा तिनीहरूको समूहहरू निर्माण गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |
| २. | अङ्कगणित | १. १ देखि २५ सम्मका गुणनखण्ड तालिका बनाई एउटामात्र गुणनखण्ड हुने, दुईटामात्र गुणनखण्ड हुने र दुईभन्दा बढी गुणनखण्ड हुने सङ्ख्याहरू छुट्टयाई रूढ सङ्ख्याहरू र संयुक्त सङ्ख्याहरू पत्ता लगाउनुहोस् र रूढ सङ्ख्याहरूलाई रङ लगाउनुहोस् अनि कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>२. एक वर्ग एकाइ भएका केही वर्गाकार टुक्राहरू बनाउनुहोस् र त्यसबाट कति तरिकाबाट आयत बनाउन सकिँदो रहेछ हेर्नुहोस् । यसको आधारमा ६, ८, ९, १०, १२ आदिको गुणनखण्डसँग सम्बन्धित आयत बनाई ठुलो कार्डबोर्ड पेपरमा टाँसी प्रस्तुत गर्नुहोस् ।<br>३. गुणन तालिका बनाउनुहोस् र त्यसको प्रयोग गरी गुणनखण्ड र अपवर्त्यहरू पत्ता लगाउने तरिका तथा तिनीहरूको सम्बन्ध बारेमा टिपोट गरी प्रस्तुत गर्नुहोस् ।<br>४. भिन्नका जोड, घटाउ, गुणन र भागका एक एकओटा समस्याहरू दिएर पारदर्शी पाना (transparency sheet) को प्रयोग गरी मोडेलहरू बनाउनुहोस् र प्रस्तुत गर्नुहोस् ।<br>५. नजिकैको एउटा पसलमा जानुहोस् र पसलेसँग केहि सामानको नाम, त्यसको क्रय मूल्य, विक्रय मूल्य टिपोट गर्नुहोस् । त्यस सामान बेच्दा हुने नाफा रकम, नोक्सान रकम पत्ता लगाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>६. नजिकैको एक पसलमा जानुहोस् र पसलेसँग सोधेर फरक फरक पाँचओटा वस्तुहरूको एकाइ मुल्यको टिपोट गर्नुहोस् र ती मुल्यको आधारमा आठ आठओटा वस्तुको मुल्य कति पर्ला पत्ता लगाइ प्रस्तुत गर्नुहोस् ।<br>७. तपाईँको समुदायमा भएका दश परिवारका सदस्यहरूको नाम, उमेर र लिङ्ग टिपोट गरी तलका प्रश्नहरूको उत्तर खोजी गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>(क) पुरुष कति प्रतिशत रहेछन् ?<br>(ख) महिला कति प्रतिशत रहेछन् ?<br>(ग) जेष्ठ नागरिक कति प्रतिशत रहेछन् ? |
| ३. | क्षेत्रमिति | १. ठुलो कोठाहरू भएको एउटा ग्राफ पेपरमा नियमित तथा अनियमित ज्यामितीय चित्रहरू बनाउनुहोस् र कोठा गनेर क्षेत्रफल पत्ता लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>२. तपाईँको कक्षाकोठाको लम्बाइ, चौडाइ र उचाइ मेजरिङ टेपले नाप्नुहोस् र कापीमा टिपोट गर्नुहोस् । त्यसपछि सो कोठाको परिमिति, क्षेत्रफल र आयतन निकाली कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |

<table>
<tr><th>क्र.सं.</th><th>विषय क्षेत्र</th><th>सम्भावित प्रयोगात्मक/परियोजना कार्य</th></tr>
<tr><td></td><td></td><td><table><tr><td>लम्बाइ</td><td>चौडाइ</td><td>उचाइ</td><td>परिमिति</td><td>क्षेत्रफल</td><td>आयतन</td></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td></tr>
<tr><td>४.</td><td>बीजगणित</td><td>१. तपाइँका साथीहरूको तौल सोधी सूची बनाउनुहोस् र त्यसलाई ट्रिकोटोमी नियमको प्रयोग गरी साथीहरूको तौलको तुलना गर्नुहोस् । तौलको तुलना गरिएको चार्ट तयार गर्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।</td></tr>
<tr><td>५.</td><td>ज्यामिति</td><td>१. एउटा आयताकार कागजको पाना मेटाकार्ड लिनुहोस् । त्यसलाई बिचबाट ठाडो र तेर्सो ठिक दुई बराबर भाग हुने गरी पट्याउनुहोस् । फेरि आमुन्ने सामुन्नेका शीर्षबिन्दुहरूलाई लिएर पट्याउनुहोस् । रङ्गीन साइनपेनले यसरी बनेका रेखाखण्डहरूलाई तथा किनाराहरूलाई छुट्टाछुट्टै रङका हुने गरी जोड्नुहोस् । शीर्षबिन्दुहरूलाई तथा काटिएको बिन्दुलाई A, B, C, D,...नाम दिनुहोस् । अब पट्याएको कागज खोल्नुहोस् र त्यसलाई ठुलो कार्डबोर्ड पेपरमा टाँस्नुहोस् र लम्बरेखाहरू, प्रतिच्छेदित रेखाहरू र समानान्तर रेखाहरू पहिचान गरी तालिकामा लेख्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :
<table><tr><td>लम्बरेखाहरू</td><td>प्रतिच्छेदित रेखाहरू</td><td>समानान्तर रेखाहरू</td></tr><tr><td></td><td></td><td></td></tr></table>
२. जुस पाइप तथा सिन्काहरू प्रयोग गरेर घन र षड्मुखाका खोक्रा नमुनाहरू निर्माण गर्नुहोस् र तिनीहरूको सतह, किनारा र कुनाको सङ्ख्या टिपोट गरी सम्बन्ध पत्ता लगाउनुहोस् ।<br>
३. आयतकार र वर्गाकार कागजका टुक्राहरूलाई चार्टपेपर वा वर्गाङ्कित कागजमा खाली नहुने गरी टाँसेर टेसिलेसन ढाँचा तयार पार्नुहोस् ।<br>
४. टेनग्राम, जियोबोर्ड लगायतका स्थानीय रूपमा सामग्रीहरू वा विभिन्न डिजिटल अन्तरक्रियात्मक माध्यम (APP) हरूको प्रयोग गरी फरक फरक आकारका चतुर्भुज र त्रिभुजहरू निर्माण गर्नुहोस् र तिनीहरूको सम्बन्ध पहिचान गरेर प्रस्तुत गर्नुहोस् ।</td></tr>
<tr><td>६.</td><td>तथ्याङ्कशास्त्र</td><td>१. तपाइँका विद्यालयका ३० जना विद्यार्थीको उमेर सोधी मिलान चिह्नको प्रयोगबाट टिपोट गर्नुहोस् र यसलाई बारम्बारता तालिकामा प्रस्तुत गर्नुहोस् र स्तम्भचित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।</td></tr>
</table>

**कक्षा ७**

| क्र.स. | विषय क्षेत्र | सम्भावित प्रयोगात्मक/परियोजना कार्य |
|---|---|---|
| १. | समूह | १. तपाइँको कक्षाकोठामा भएका वस्तुहरूको सूची तयार गर्नुहोस् । गुणका आधारमा समूहहरू बनाउनुहोस् । ती प्रत्येक समूहबाट बन्ने उपसमूहहरू निर्माण गरी प्रस्तुत गर्नुहोस् । |
| २. | अङ्क गणित | १. नजिकैको पसलमा गई आफूले दैनिक उपभोग गर्ने विभिन्न प्रकारका तरकारीहरूको नाम, त्यसको क्रय मूल्य, विक्रय मूल्य टिपोट गर्नुहोस् । त्यस सामान बेच्दा हुने नाफा रकम, नाफा प्रतिशत, नोक्सान रकम, नोक्सान प्रतिशत पत्ता लगाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |

| क्र.स. | विषय क्षेत्र | सम्भावित प्रयोगात्मक/परियोजना कार्य |
|---|---|---|
| | | २. हाम्रो दैनिक जीवनमा पूर्ण सङ्ख्या र पूर्णाङ्कको प्रयोग कहाँ र कसरी भएको छ । इन्टरनेटबाट, पुस्तकालयबाट अध्ययन गरी अथवा आफूभन्दा अगुवा (senior) हरूसँग सोधेर पत्ता लगाई प्राप्त नतिजाको निष्कष कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>३. आफू अध्ययन गर्ने विद्यालयको अन्तिम पाँच वर्षका विद्यार्थीको सङ्ख्याको विवरण खोजी गर्नुहोस् । प्रत्येक वर्षका विद्यार्थी र अहिलेको विद्यार्थीको सङ्ख्याको अनुपात, प्रत्येक वर्ष भएका छात्र र छात्राबिचको अनुपात पत्ता लगाउनुहोस् । प्राप्त अनुपातले के देखाउँछ ? व्याख्या गर्नुहोस् र निष्कर्षलाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |
| ३. | क्षेत्रमिति | १. एउटा वृत्ताकार ठोस वस्तु (जस्तैः सिक्का, कुटपेपर वा ट्न्डलहि्वल ) लिनुहोस् र धागोले ठिक एक फन्को लगाउनुहोस् र रुलरको सहायताले सो धागोको नाप (परिधि) लिनुहोस् अनि कापीमा टिपोट गर्नुहोस् । अब रुलर र सेट स्क्वायरको प्रयोग गरी परिधिका छेउछेउका दुई बिन्दुसम्मको सबभन्दा लामो दुरी (व्यास) को नाप लिनुहोस् । त्यसपछि परिधिलाई व्यासले भाग गर्नुहोस् । भागफल कति आउँछ टिपोट गर्नुहोस् र निष्कर्ष कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |
| ४. | बीजगणित | १. $(a+b)^2$ को विस्तृत रूपको नमुना (model) बनाई प्रस्तुत गर्नुहोस् । |
| ५. | ज्यामिति | १. एउटा आयतकार कागजका पाना लिनुहोस् । त्यसलाई पट्याई खप्टिने भुजाहरू र कोणहरू अवलोकन गर्ने , क्रियाकलाप गरी आयतका गुणहरू खोजी गर्नुहोस् । आफूले गरेको प्रत्येक क्रियाकलापको टिपोट गरी साथीहरूसँग छलफल गरेर प्रस्तुत गर्नुहोस् ।<br>२. तपाईंको विद्यालय परिसरमा भएका फरक फरक पाँचओटा अनुरूप आकृतिहरूको टिपोट गर्नुहोस् र अनुरूप हुनुका कारणहरू अध्ययन गरी साथीहरूसँग छलफल गरेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>३. कागज, सिन्का तथा आलुका टुक्राहरू, जुस पाइप, तार, खाली रिफिल, सियो धागो वा स्थानीय स्तरमा पाइने अन्य सामग्रीहरू प्रयोग गरेर ठोस वस्तु (टेट्राहेड्रन, अक्टाहेड्रन, साली र बेलना) का खोका नमुनाहरू निर्माण गर्नुहोस् । तिनीहरूको शीर्षबिन्दु, किनारा र कुनाका सङ्ख्याहरू टिपोट गरी सम्बन्ध तालिका बनाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>४. फरक फरक रङ्गका कागजलाई त्रिभुजाकार टुक्राहरू बनाई चार्ट पेपरमा खाली ठाउँ नहुने गरी टाँस गर्नुहोस् र आफूले बनाएको टेसिलेसनलाई कक्षामा प्रस्तुत गर्नुहोस् । |
| ६. | तथ्याङ्क शास्त्र | १. तपाईंको विद्यालयमा भएका जम्मा विद्यार्थी सङ्ख्या, जम्मा छात्र सङ्ख्या एवम् जम्मा छात्रा सङ्ख्या टिपोट गरी बहुस्तम्भ चित्र बनाउनुहोस् ।<br>२. रेडियो, टेलिभिजन वा पत्रपत्रिकालगायतका अन्य विभिन्न माध्यमहरूबाट एक हप्तासम्मका तापक्रमको टिपोट गर्नुहोस् र त्यसलाई रेखा लेखाचित्रमा देखाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । |

कक्षा ८

| क्र.सं. | विषय क्षेत्र | सम्भावित प्रयोगात्मक/परियोजना कार्य |
|---|---|---|
| १. | समूह | १. आफूलाई र साथीलाई मनपर्ने फलफूलको नाम टिपोट गर्नुहोस्। त्यसको आधारमा दुई फरक समूह बनाउनुहोस् र त्यसलाई कार्डबोर्ड पेपरमा भेनचित्र बनाई अलग्गिएका वा खप्टिएका कस्तो समूह बन्यो कक्षाकोठामा प्रस्तुत गर्नुहोस्। |
| २. | अङ्कगणित | १. एउटा वयस्क हात्तिको औसत तौल खोजी गरी क्वीन्टलमा लेख्नुहोस्। त्यसलाई क्रमश: किलोग्राम, ग्राम र मिलीग्राममा रुपान्तरण गर्नुहोस् र त्यसलाई वैज्ञानिक सङ्केतमा लेख्नुहोस्।<br>२. हाट बजार वा पुस्तक प्रदर्शनी वा तपाईँको नजिकैको पसलमा गई विभिन्न छुट, छुटका अवस्थाहरू संकलन गरी नाफा र नोक्सान सम्बन्धि समस्याहरू र त्यसको समाधान गरेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस्।<br>३. आफ्नो नजिकैको वित्तीय संस्था वा बैङ्कमा जानुहोस् वा इन्टरनेटबाट खोजी गरी फरक फरक खाताको व्याजदरको जानकारी लिनुहोस् र कुन खातामा रकम जम्मा गर्दा वार्षिक रूपमा बढी व्याज पाइदोरहेछ ? पत्ता लगाउनुहोस् र प्रस्तुत गर्नुहोस्। |
| ३. | क्षेत्रमिति | १. तपाईँको विद्यालय वरपर भएका त्रिभुजाकार र चतुर्भुजाकार आधार भएका वस्तु (प्रधानाध्यापकको नाम लेखिएको त्रिभुजाकार आधार भएका वस्तु, किताब, शैक्षणिक पाटी आदि) को सतहहरूको आधार, उचाइ नापी त्यसको क्षेत्रफल निकाल्नुहोस्। |
| ४. | बीजगणित | १. $a^2-36, x^2+5x+6$ जस्ता बीजीय अभिव्यञ्जकको खण्डीकरणको नमुना (model) बनाई प्रस्तुत गर्नुहोस्।<br>२. कुनै दुईओटा बीजिय अभिब्यञ्जक लिनुहोस् र उक्त अभिव्यञ्जहरूको खण्डीकरण गर्नुहास्। साझा र बाँकी गुणनखण्डहरू पत्ता लगाई भेन चित्रमा देखाउनुहोस्। त्यसका आधारमा महत्तम समापवर्तक (म. स.) र लघुत्तम समापवर्त्य (ल. स.) निकाल्नुहोस्। |
| ५. | ज्यामिति | १. चार्टपेपरमा घन, षड्मुखा, टेट्राहेड्रन, सोली र बेलनाका जालीहरू तयार पारी पट्याएर ठोस वस्तु बनाउनुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस्।<br>२. एउटा कागजको पानालाई दुई बराबर भागमा विभाजन हुने गरी फोल्ड गर्नुहोस् र एकापट्टि कुनै त्रिभुजको चित्र बनाउनुहोस् र अर्को पट्टि पहिले बनाएको चित्रका आधारमा ट्रेस गर्नुहोस्। अब कागज खोल्नुहोस्। कस्तो चित्र बन्यो कार्डबोर्ड पेपरमा टाँस्नुहोस्। दुई त्रिभुजको तुलना गरी निष्कर्ष निकाल्नुहोस् र प्रतिवेदन तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस्। |
| ६. | तथ्याङ्कशास्त्र | १. तपाईँको घरमा मासिक रुपमा खाना, लत्ताकपडा, शिक्षा, स्वास्थ्य र विविध शीर्षकमा कति कति खर्च हुन्छ, अभिभावकसँग सोधी वृत्तचित्रमा प्रस्तुत गर्नुहोस्। |

परियोजना/प्रयोगात्मक कार्य विषयवस्तुको प्रकृति, स्रोत साधनको उपलब्धता र उपयुक्तताका आधारमा व्यक्तिगत वा सामूहिक रूपमा गर्न सकिनेछ। यी कार्यहरू सम्पादनपश्चात् कक्षाकोठामा प्रस्तुतीकरण गर्नुपर्ने छ। प्रस्तुतीकरणमा मौखिक, लिखित वा कम्प्युटर प्रविधिको प्रयोग गर्न सकिने छ। यहाँ दिइएका

परियोजना कार्यहरू नमुना मात्र हुन् । शिक्षकले विषयवस्तुको प्रकृतिअनुसार विद्यार्थीलाई अन्य परियोजना कार्यहरू गराउनुपर्ने छ ।

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

यस पाठ्यक्रमले विद्यार्थीहरूमा गणितीय विषयवस्तुहरूको धारणा विकास गरी गणितीय सिपका साथै जीवनोपयोगी सिप विकासका लागि सहयोगात्मक, रचनात्मक, अन्वेषणात्मकलगायतका विधिहरूको माध्यमद्वारा सरलबाट जटिल तथा मूर्तबाट अमूर्तको क्रममा प्रस्तुत गर्दै क्रियाकलापमुखी सिकाइ सञ्चालनमा जोड दिन्छ ।। कक्षा ६-८ मा क्रियाकलापमुखी सिकाइ क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यसका साथसाथै आधारभूत तह कक्षा ६-८ मा गणित शिक्षण गर्दा गणितलाई व्यावहारिक दैनिक जीवनका समस्याहरू र गणितको प्रत्यक्ष प्रयोग भएका/गरिएका अवस्थाहरूबाट सुरु गरेर गणित शिक्षण गर्नु उपयुक्त हुन्छ ।

**गणित शिक्षणमा प्रयोग गर्न सकिने केही विधिहरू**

| क्र.सं. | विधि | विधि प्रक्रिया | गणितमा प्रयोग हुने सम्भावित विषयवस्तु |
|---|---|---|---|
| १. | आगमन विधि | ▪ सूचनाहरूको सङ्कलन, अवलोकन र निष्कर्ष<br>▪ अनुमान, विश्लेषण, पुष्टि र निष्कर्ष | ▪ बीजगणित अन्तर्गतका पाठहरू शिक्षण गर्न<br>▪ क्षेत्रफल, परिमिति र आयतनसम्बन्धी सूत्रहरू पत्ता लगाउन<br>▪ मध्यक, मध्यिकाका सूत्रहरू पत्ता लगाउन |
| २. | निगमन विधि | ▪ समस्याको प्रस्तुति<br>▪ आवश्यक सूत्रको पहिचान र प्रयोग<br>▪ व्याख्या, विश्लेषण र निष्कर्ष | ▪ बीजगणित अन्तर्गतका पाठहरू शिक्षण गर्न<br>▪ क्षेत्रमिति अर्न्तगत क्षेत्रफल, परिमिति र आयतनसम्बन्धी समस्याहरू समाधान गर्न<br>▪ अङ्कगणित अर्न्तगतका समस्याहरू समाधान गर्न |
| ३. | समस्या समाधान विधि | ▪ समस्यालाई बुझ्ने,<br>▪ योजना निर्माण,<br>▪ योजना कार्यान्वयन,<br>▪ अगिल्ला कार्यको पुनरावलोकन गर्ने र परिणामलाई जाँच्ने | ▪ दैनिक जीवनका सामान्य समस्याहरू पहिचान गरेर गणितीय ज्ञान र सिपको प्रयोग गरी समाधान गर्ने ।<br>▪ अङ्कगणितीय समस्याहरू समाधान, तथ्याङ्कशास्त्र शिक्षण गर्न |

| क्र.सं. | विधि | विधि प्रक्रिया | गणितमा प्रयोग हुने सम्भावित विषयवस्तु |
|---|---|---|---|
| ४. | अन्वेषण तथा खोज | ▪ समस्या वा प्रश्नको प्रस्तुति<br>▪ खोज कार्यको लागि आवश्यक साधन तथा तरिकाका बारेमा छलफल<br>▪ विद्यार्थीद्वारा खोज कार्य सञ्चालन<br>▪ निष्कर्ष र प्रस्तुति<br>▪ पृष्ठपोषण | ▪ कुनै पनि गणितीय विषयवस्तुलाई खोजी गर्नुपर्ने खालका प्रश्नहरू दिएर विद्यार्थीलाई खोजी गर्न लगाई आवश्यक ज्ञान निर्माण, जस्तै : ठोस वस्तुका समतलीय सतहहरू, त्रिभुजका तथा चतुर्भुजका गुणहरूको खोजी गर्न |
| ५. | परियोजना विधि | ▪ समस्याको प्रस्तुति<br>▪ योजना निर्माण<br>▪ योजनाको कार्यान्वयन<br>▪ रेकर्ड राख्ने कार्य<br>▪ विश्लेषण र निष्कर्ष<br>▪ प्रस्तुति | ▪ गणितका सबै सिकाइ क्षेत्रहरूमा यसको प्रयोग गर्न सकिने |
| ६. | प्रयोगात्मक विधि | ▪ समस्याको प्रस्तुति<br>▪ समाधानको तयारी<br>▪ सामग्री सङ्कलन र प्रयोग<br>▪ व्याख्या, विश्लेषण, पुष्टि | ▪ कुनै पनि गणितीय धारणाहरू विकास गराउन, जस्तै : ज्यामितीय तथ्यहरूको परीक्षण गर्न |
| ७. | नमुना चित्रण विधि (Model drawing method) | ▪ समस्यालाई बुझ्ने<br>▪ समस्यालाई चित्रात्मक रुपमा प्रस्तुत<br>▪ चित्रको माध्यमबाट समस्या समाधान | ▪ अङ्कगणित तथा बीजगणितका शाब्दिक समस्याहरू समाधान गर्न |
| ८. | प्रयोगशाला विधि | ▪ समस्याको पहिचान<br>▪ प्रयोगशालामा शिक्षकको सहयोगमा वा विद्यार्थी आफैँले सामग्रीको प्रयोग गरी समस्याको समाधान | ▪ क्षेत्रमितिअन्तर्गतका क्षेत्रफल र आयतनसम्बन्धी सुत्रहरू स्थापित गरी समस्या समाधान गर्न<br>▪ ज्यामितीय तथ्यहरू प्रयोगात्मक तरिकाले पुष्टि गर्न आदि । |
| ९. | संरचित समस्या समाधान विधि (Structured problem solving method) | ▪ समस्याको प्रस्तुति<br>▪ व्यक्तिगत, जोडी र समूहमा समाधान<br>▪ प्रस्तुतीकरण र छलफल<br>▪ सारांश र निष्कर्ष | ▪ सबै पाठहरू शिक्षण गर्न |

| क्र.सं. | विधि | विधि प्रक्रिया | गणितमा प्रयोग हुने सम्भावित विषयवस्तु |
|---|---|---|---|
| १०. | खेल विधि | ▪ विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास | ▪ विभिन्न खेलहरूका माध्यमबाट गणितीय धारणाहरूसँग परिचित गराउन, जस्तै : बीजगणितमा मान पत्ता लगाउने बिङ्गो आदि |
| ११. | भूमिका निर्वाह विधि | ▪ समस्याको प्रस्तुति<br>▪ समस्याअनुसार विद्यार्थीलाई विभिन्न भूमिका प्रदान<br>▪ विद्यार्थीलाई अभिनय गर्न लगाउने<br>▪ निष्कर्ष | ▪ समूह, अङ्कगणितअन्तर्गतका पाठहरू शिक्षण गर्ने |
| १२. | रचनात्मक सिकाइ विधि (constructiv e learning method) | ▪ मष्तिस्क मन्थन (Brain storming)<br>▪ पाठसम्बन्धी पूर्वज्ञानको पहिचान<br>▪ अन्तरक्रियात्मक कार्य (वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोत्तर)<br>▪ आवश्यकताअनुसार सहयोग प्रदान<br>▪ विचार आदान प्रदान<br>▪ निष्कर्ष | ▪ त्रिभुज तथा चर्तुभुजका गुणहरूको खोजी तथा प्रमाणित गर्ने<br>▪ ठोस वस्तुहरूका विशेषताहरू तथा सम्बन्धको शिक्षण गर्ने<br>▪ बीजीय धारणा विकास गर्ने<br>▪ प्रत्येक पाठको पुनरवलोकन गर्ने<br>▪ क्षेत्रफल तथा आयतनसम्बन्धी धारणा निर्माण गर्ने<br>▪ अङ्कगणितका विषयवस्तु शिक्षण गर्ने आदि |
| १३. | सहयोगात्मक सिकाइका विधि | ▪ समूह निर्माण<br>▪ समस्याको प्रस्तुति<br>▪ समूहमा छलफल, विश्लेषण र निष्कर्ष | ▪ गणितका सबै सिकाइ क्षेत्रहरूमा यसको प्रयोग गर्न सकिने |
| १४. | क्षेत्र भ्रमण | ▪ सम्बन्धित स्थलमा गई तथ्यहरूको सङ्कलन, विश्लेषण र निष्कर्ष | ▪ साधारण ब्याज, नाफा र नोक्सान आदिको धारणा शिक्षण गर्ने । |
| १५. | प्रदर्शन विधि | ▪ सामग्री सङ्कलन वा निर्माण<br>▪ चरणबद्ध रुपमा सामग्रीहरू प्रदर्शन<br>▪ अनुमान, छलफल, विश्लेषण र निष्कर्ष | ▪ ज्यामितीय तथ्यहरू प्रमाणित गर्ने<br>▪ रचना शिक्षण गर्ने<br>▪ अङ्कगणित, बीज गणितका अवधारणा शिक्षण गर्ने आदि |
| १६. | प्रश्नोत्तर विधि | ▪ शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थीबिचमा | ▪ विद्यार्थीहरूमा कुनै पनि गणितीय धारणाको विकास गर्नका लागि पूर्वज्ञान |

| क्र.सं. | विधि | विधि प्रक्रिया | गणितमा प्रयोग हुने सम्भावित विषयवस्तु |
|---|---|---|---|
| | | प्रश्न र उत्तर गर्न सकिन्छ, जस्तै: "यदि यस्तो भए ..." जस्ता अवस्थाजन्य प्रश्नहरू गर्न सकिन्छ ।<br>▪ (APPLE Technique अपनाउन सकिन्छ :<br>A: Ask question in whole class<br>P: Pause for a while<br>P: Pick a student<br>L: Listen answer carefully<br>E: Evaluate) | पहिचान तथा सिकाइको मूल्याङ्कन गर्न । |

गणित एक व्यावहारिक र प्रयोगात्मक विषय हो । यस विषयलाई प्रयोगात्मक रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थीमा गणितीय ज्ञान, सिप सिकाउन सामग्रीको प्रयोग अपरिहार्य छ । आधारभूत तह (कक्षा ६–८) मा गणित सिकाइका लागि उपयोगी केही सामग्रीहरूलाई क्षेत्रगत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**विषय क्षेत्रका आधारमा केही शैक्षणिक सामग्रीहरूको सूची**

| क्र.सं. | क्षेत्र | एकाइ | शैक्षणिक सामग्रीहरू |
|---|---|---|---|
| १. | समूह | समूह | विभिन्न स्थानीय सामाग्रीहरू, ज्यामिति बक्स |
| २. | अङ्क गणित | पूर्ण सङ्ख्या | सिन्काहरू, तारहरू, ढुङ्गाहरू |
| | | पूर्णाङ्क | Base ten blocks, द्विआधार, पञ्चआधार सङ्ख्या चार्ट |
| | | अनुपातिक सङ्ख्याहरू | विभिन्न चार्टहरू |
| | | वास्तविक सङ्ख्याहरू | अङ्क चार्टहरू |
| | | भिन्न र दशमलव | पारदर्शी पाना (Transparency sheet), ग्राफपेपरहरू, काटेर टुक्रा पार्न सकिने वस्तुहरू, वृत्त बोर्ड जियो बोर्ड, Base ten blocks |
| | | अनुपात, समानुपात र प्रतिशत | पारदर्शी पाना (Transparency sheet), ग्राफपेपरहरू, Base ten blocks |
| | | नाफा र नोक्सान | विभिन्न बिलहरू, मूल्य सूची |
| | | ऐकिक नियम | विद्युत्का बिलहरू, चार्ट |
| | | साधारण ब्याज | बैङ्कहरूमा ब्याज तिरेका रसिदहरू, स्थानीय तमसुकहरू, भरपाईहरू, बैङ्कका ब्रोसर |
| ३. | क्षेत्रमिति | परिमिति, क्षेत्रफल र आयतन | तार, धागो, सिन्काहरू, जियोबोर्ड, विभिन्न स्थानीय ठोस वस्तुहरू (नमुनाहरू) |

| क्र.सं. | क्षेत्र | एकाइ | शैक्षणिक सामग्रीहरू |
|---|---|---|---|
| ४. | बीज गणित | बीज गणितीय अभिव्यञ्जक | पेपर कटिङहरू, विभिन्न दुई वा तिन आयामिक मोडेलहरू, बीज गणितीय नमुनाहरू, टायल, दशआधार ब्लकहरू |
| ५. | ज्यामिति | रेखा र कोण | धागो, जुस पाइप, सिन्काहरू, गहुँको छ्वाली, बाँसका सिक्का, जुस पाइप, वृत्त बोर्ड, मेकानो स्ट्रिप, तारबाट बनाउन सकिने विभिन्न कोणहरूको नमुना |
| | | समतलीय आकृतिहरू | तारहरू, धागो, सिन्काहरू, जियोबोर्ड, गहुँको छ्वाली, बाँसको सिक्का, जुस पाइप, वृत्त बोर्ड, मेकानो स्ट्रिप |
| | | समरूपता र अनुरूपता | तारहरू, धागो, सिन्काहरू, जियोबोर्ड, कक्षाकोठामा पाइने स्थानीय सामग्रीहरू, फोटो र चित्रहरू, गहुँको छ्वाली, बाँसको सिक्का, जुस पाइप, मेकानो स्ट्रिप आदि |
| | | वृत्त | धागो, चुरा, पाइपहरू, कचौरा गिलासका पिँध वा आधार र घेरा, वृत्तबोर्ड, घर, परिवार वा वातावरणमा पाइने वृत्ताकार नमुनाहरू |
| | | ठोस आकारहरू | भाँडाबर्तन, बल, काठका टुक्राहरू, साबुन, बीजीय पत्ती नमुनाहरू (टेक्टाइल) |
| | | निर्देशाङ्क | जियोबोर्ड, ग्राफबोर्ड, कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापन |
| | | परिमिति, क्षेत्रफल र आयतन | तार, धागो, सिन्काहरू, जियोबोर्ड, विभिन्न स्थानीय ठोस वस्तुहरू (नमुनाहरू) |
| | | स्थानान्तरण | जियोबोर्ड, धागो, ऐना, कार्डबोर्ड, टर्चलाइट |
| | | सममिति र टेसेलेसन | धागो, कार्पेटका नमुना चित्रहरू, जियोबोर्ड |
| | | दिशास्थिति र स्केल ड्इङ | जियोबोर्ड, नक्सामा प्रयोग भएको स्केल |
| ६. | तथ्याङ्क शास्त्र | तथ्याङ्क शास्त्र | सिन्काहरू, ग्राफ वोर्ड, रङ्गीन पेपरहरू जियोबोर्ड, |

उल्लिखित विधि तथा सामग्रीहरू उदाहरणका रूपमा वा सामान्य पथप्रदर्शनका रूपमा मात्र प्रस्तुत गरिएको हो। परिस्थितिअनुसार उपयुक्त उपायहरू अपनाई शिक्षण सिकाइ क्रियाकलापलाई अझ प्रभावकारी बनाउनु आवश्यक हुन्छ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्दछ। निर्माणात्मक मूल्याङ्कनका लागि

कक्षा क्रियाकलाप, विद्यार्थीको कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, अतिरिक्त क्रियाकलाप, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विषयवस्तुको सिकाइपश्चात् उल्लिखित साधनहरूको प्रयोग गरी सो विषयवस्तुमा विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सिकाइ समस्या भएका विद्यार्थीको सिकाइ सुधारका लागी थप पृष्ठपोषण दिनु पर्दछ । न्यूनतम स्तरको सिकाइ स्तर हासिल भएको सुनिश्चितता नभएसम्म आवश्यक सहयोग (Scaffolding) लाई निरन्तरता दिनुपर्दछ ।

**(क) आन्तरिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कनअन्तर्गत कक्षा सहभागिता, त्रैमासिक परीक्षाहरू र प्रयोगात्मक कार्य/परियोजना कार्यहरूमा विद्यार्थीले प्राप्त गरेका अङ्कहरूलाई आधार मानिने छ । आन्तरिक मूल्याङ्कनबाट प्राप्त अङ्कलाई पृष्ठपोषण प्रदान गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउनका लागि प्रयोग गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत हुने छ ।

निर्णयात्मक मूल्याङ्कनको प्रयोजनार्थ आन्तरिक मूल्याङ्कनका आधारहरू यसप्रकार रहेका छन् :

| उपस्थिति र सिकाइ सहभागिता | त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क | प्रयोगात्मक कार्य/परियोजना कार्य | जम्मा |
|---|---|---|---|
| ४ | १० | ३६ | ५० |

**(अ) कक्षा सहभागिता**

कक्षा सहभागिताको जम्मा अङ्क ४ रहेको छ जुन विद्यार्थीको हाजिरी र सिकाइ क्रियाकलापमा भएको सहभागिताका आधारमा प्रदान गरिने छ ।

**(आ) त्रैमासिक परीक्षाबाट प्राप्त अङ्क**

प्रत्येक कक्षामा कम्तीमा दुई पटक त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीले त्रैमासिक परीक्षाहरूमा प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क १० मा रूपान्तर गरी राख्नुपर्ने छ ।

**(इ) प्रयोगात्मक कार्य/परियोजना कार्य**

प्रत्येक विद्यार्थीले पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका सबै विषयवस्तुको क्षेत्रअन्तर्गत समावेश भएका प्रयोगात्मक कार्य/परियोजना कार्य गर्नुपर्ने छ । विद्यार्थीले गरेका प्रत्येक प्रयोगात्मक कार्य/परियोजना कार्यको सञ्चालन, प्रस्तुतीकरण र अभिलेखीकरण गर्नुपर्ने छ ।

प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कनका आधारहरू

| क्र.स. | कार्य विवरण | आधार | अङ्क |
|---|---|---|---|
| १. | प्रयोगात्मक कार्य/परियोजना कार्य | प्रयोगात्मक कार्य/परियोजना कार्य सञ्चालन र कार्यसम्पादन | २० |
| | | प्रस्तुतीकरण र अभिलेखीकरण | १६ |

**(ख) अन्तिम/बाह्य परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा बाह्य परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिने गरी प्रश्न सोध्नुपर्ने छ । प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गर्नुपर्ने छ ।